समानताका लागि सरकारले नीतिगत व्यवस्था गरेको छ : प्रधानमन्त्री | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २८२ • २०८० साल फाल्गुन २६ गते शनिबार (9 March, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सद्भावना परिषद् ब्यूँताउदै झा

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का वरिष्ठ नेता राजेन्द्र महतो अलग्गिएको महिना नबित्दै अर्का वरिष्ठ नेता अनिल कुमार झाले पनि पार्टी छाडेर नेपाल सद्भावना परिषद्लाई ब्यूँताउन लागेका छन् ।

नेपाली कांग्रेस छाडेर पञ्चायतकालमा मधेशवादी नेता गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना परिषद् को गठन गरेका थिए । देशमा बहुदलीय व्यवस्था सुरु भएपछि त्यसको नाम नेपाल सद्भावना पार्टी (नेसपा) गरिएको थियो ।

केही समयदेखि राजनीतिक गतिविधिबाट टाढा रहेका झाले नेपाल सद्भावना परिषद्लाई ब्यूँताउन सकृय भएका छन् ।

लोसपाका अध्यक्ष महन्थ ठाकुरले पछिल्लो पटक पार्टीको केन्द्रीय निकायहरुलाई पुनर्गठन गरेपछि झा पनि असन्तुष्ट भएर बाहिरिएका छन् ।

महतो पनि बहुल राष्ट्रिय अभियानमा लागेका छन् । महतो र झा लोसपा करिब साथसाथै छाडे पनि फरक -फरक अभियानमा लागेका छन् ।

बिहीवार महतो र झा जनकपुरधाममा नै रहे पनि संयुक्त बैठक नभएको बताइएको छ ।

### मधेश प्रदेशमा मुख्यमन्त्री जोखिममुक्त

# कांग्रेस सरकार नछाड्ने, एमालेले सरकारमा सहभागिताका लागि दबाब दिने

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय गठबन्धनमा फेरबदल भएसँगै विभिन्न प्रदेशमा सत्ता गठबन्धन फेरिएको छ । तर मुख्यमन्त्रीहरुले राजीनामा गरेका छैनन् ।

मधेश प्रदेशमा मुख्यमन्त्री सरोज कुमार यादवले निरन्तरता पाएका छन् । संघीय गठबन्धनका शीर्ष नेताहरुबीच मधेश प्रदेशमा जनता समाजवादी पार्टी(जसपा)नेतृत्वकै सरकार रहनेमा सहमति गरेका छन् । मधेश प्रदेश सुरक्षित भएपछि जसपा संघीय सरकारमा जान सहमत भएको स्रोतले जनाएका छन् ।

उच्चस्रोतहरुका अनुसार मधेश प्रदेश सरकारको नेतृत्व दाबी गर्ने दलहरु मध्येका नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) गठबन्धनबाट बाहिरिएका छन् । माओवादीले नेतृत्वका लागि अब प्रयास गर्ने संभावना प्राय :समाप्त नै भइसकेको छ । माओवादीले मुख्यमन्त्रीमा दावी गरे प्रधानमन्त्री संकटमा पर्न सक्ने उच्च जोखिम छ ।

जसपा नेतृत्वको सरकारमा कांग्रेस, लोसपा, माओवादी र नेकपा एस सहभागी छन् । जनमत पार्टीले गत नौ महिना सरकार छाडिसकेको छ । एमालेसितको सहकार्य तीन महिना मात्र चलेको थियो ।

प्रदेश सरकारको नेतृत्व फेर्न भारतको सुरसण्डमा भएको बैठकमा माओवादी संसदीय दलका नेता भरत साह मुख्यमन्त्री बनेका थिए । तर त्यतिञ्जेल सो अभियान सफल हुन नसकेपछि मुख्यमन्त्री यादवले विश्वासको मत प्राप्त गरेका थिए ।

माओवादी संसदीय दलका नेता भरत साह सरकारमा जान सक्ने संभावना रहेको बताइन्छ । यद्यपि माओवादी भित्र मधेश प्रदेशमा उनका विरोधीहरु सशक्त रहेकाले संभावना कमजोर रहेको छ । संघीय सरकारबाट बाहिर रहेको लोसपा वर्तमान गठबन्धन सरकारलाई समर्थन गर्ने विषयमा छलफल गर्न अध्यक्ष महन्थ ठाकुरले ३० गते पदाधिकारीहरुको बैठक बोलाएका छन् । प्रधानमन्त्रीलाई विश्वासको मत लोसपाले दिए पनि सरकारमा सहभागी हुने संभावना न्यून छ ।




संघीय सरकारमा सहभागी हुन नसके लोसपाले प्रधानमन्त्री प्रचण्डलाई समर्थन गर्ने झिनो संभावना मात्र छ । तर तत्काल विकल्प नदेखिएकाले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएर मधेश प्रदेशमा सरकारमा सहभागी भइरहने प्रयास गर्ने स्रोतले जनाएका छन् । मधेश प्रदेश सरकारमा लोसपाका रमेश कुर्मी वन मन्त्री रहेका छन् । प्रदेश सरकार पुनर्गठन विषयमा छलफल नभएको मुख्यमन्त्री सरोज कुमार यादवले जनाएका छन् । 'संघीय गठबन्धनका शीर्ष नेताहरुले निर्णय गरे अनुसार नै प्रदेश सरकार पुनर्गठन हुनेछ' उनले भने, सरकारको विषयमा शीर्ष नेताहरुबाट कुनै निर्देशन आएको छैन् ।

संघीय गठबन्धन अनुसार मधेश प्रदेशमा एमालेको आगमन हुने निश्चित छ । सरकारमा एमाले सहभागी भए कांग्रेसको विदाइ हुनेछ । स्रोतहरुका अनुसार कांग्रेसले सरकार छाडने छैन् । सरकारबाट हटाइए आगामी दिनमा सहकार्यको वातावरण बिग्रन सक्ने कांग्रेसको चेतावनी छ । केही प्रदेशमा भने सरकारबाट कांग्रेसका मन्त्रीहरुले राजीनामा दिएर बाहिरिएका छन् । तर मुख्यमन्त्री रहेका प्रदेशहरुमा कांग्रेसले राजीनामा गरेको छैन् । मन्त्री मात्र रहेको प्रदेशमा भने कांग्रेसले सरकार छाडेको छ । माथिल्लो निर्णय अनुसार प्रदेश गठबन्धन पनि चल्ने भएकाले प्रदेश स्तरबाट सरकारमा ल्याउने अथवा हटाउने निर्णय नहुने मुख्यमन्त्री यादवले बताए । स्रोतहरुका अनुसार लोसपाले संघीय सरकारलाई समर्थन नगरे प्रदेश सरकारबाट हटाइने छ । सरकारलाई एमाले, माओवादी र नेकपा एसकै साथले बहुमत पुगेको छ । स्रोतका अनुसार राष्ट्रपति रामचन्द्र पौडेलको व्यस्तताका कारण मन्त्रीको सपथग्रहण हुन नसकेकोले शनिवार अथवा आइतवार जसपाका दुई जना मन्त्रीले सपथ लिने छन् । त्यसपछि मात्र प्रदेश सरकारको विषयमा निर्णय हुने स्रोतले जनाए । मधेश प्रदेशमा एमालेको भागमा हाल कांग्रेसको भागमा रहेका मन्त्रालयहरु जाने बताइएको छ । मुख्यमन्त्रीको जिम्मामा रहेको शिक्षा र श्रम मन्त्रालय मध्ये एउटा मन्त्रालय एमालेले पाउने संभावना छ । एउटा मन्त्रालय माओवादीको भागमा पनि पर्न सक्छ । तर त्यसबारे हाल सम्म कुनै सहमति भइनसकेको एमालेका एकजना नेताले बताए । लोसपा राष्ट्रिय दल नरहेकाले पार्टी फेरबदलगर्दा प्रदेश सभासद पद गुम्ने संभावना छैन् । लोसपा मधेश प्रदेश सरकारमा रहन विभाजित पनि हुन सक्ने एकजना सभासदले नाम सार्वजनिक नगर्ने सर्तमा बताएका छन् । स्रोतहरुका अनुसार संघीय सत्ता बिगार्ने खेल सुरु भइसकेकाले प्रदेशमा जसपाले कुनै पनि दलको चित्त दुखाउने पक्षमा देखिएको छैन् । जनमत पार्टीले मधेश प्रदेश सरकारको नेतृत्व नपाए संघीय सरकारलाई समर्थन नगर्ने निर्णय गरिसकेकोछ । जनमतबाट प्रदेश सरकार खतरामुक्त देखिएको छ । अन्य प्रदेशहरुमा सत्ता गठबन्धन बिग्रदा मुख्यमन्त्री संकटग्रस्त छन् । तर कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले राजीनामा नदिने बताएका छन् । उनले प्रदेश सभालाई नै बिघटन गर्ने चेतावनी दिएका छन् । बागमती प्रदेश सरकार पनि संकटमा छ । प्रदेश सरकारबाट कांग्रेस बाहिरिएपछि माओवादीका मुख्यमन्त्री शालिकराम जमकटेललाई विश्वासको मत प्राप्त गर्न समस्या छ । राप्रपाले समर्थन नदिने निश्चित छ । एमाले, नेकपा एस र माओवादीको सभासदले सरकारको पक्षमा बहुमत पुग्न जटिल छ ।









# मधेशी एकता समाजको होली समारोह धुमधामका साथ दुबईमा सम्पन्न

**टुडे समाचारदाता**

दुवई । मधेशी एकता समाज यूएईले आयोजना गरेको यस वर्षको होली मिलन समारोह दुबईको बरदुबईस्थित एक होटलमा धुमधाम र भव्यताका साथ सम्पन्न भएको छ । समारोहको अध्यक्षता समाजका युएई अध्यक्ष धर्मेन्द्र गोहिबार यादवले गरेका थिए ।



समारोहमा श्रम तथा रोजगार मन्त्री शरत् सिंह भण्डारीको प्रमुख आतिथ्यमा मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारी र युएईस्थित नेपाली दूतावासका डेपुटी चिफ अफ मिसन विशाल भट्टराईले विदेशमा पनि आफ्नो संस्कृतिलाई जिवन्त राखेको भन्दै मधेशी एकता समाजलाई धन्यवाद ज्ञापन गरेका थिए ।

त्यस अवसरमा एनआरएनए कतारका अध्यक्ष रमेश भट्ट, एनआरएनए यूएईका अध्यक्ष विकाश शाही, नेपाली दूतावासका तृतीय सचिव विमलेश मिश्र, अर्का तृतीय सचिव दिल्लीराम शर्मा र श्रम कन्सुलर दिनबन्धु सुवेदी अतिथिको रुपमा उपस्थित थिए ।

त्यसैगरी, मधेशी एकता समाजको संस्थापक र अन्तर्राष्ट्रिय समितिका संयोजक डा. रवीन्द्र कुमार यादव, समाजको नेपाल इकाइकी संयोजक बबिसिंह यादव, समाजका पूर्व अध्यक्षहरु मुकेश झा, कृष्णा ठाकुर, वरिष्ठ उपाध्यक्ष अम्बिका साहलगायतको पनि अतिथिको रुपमा उपस्थिति थियो ।

उद्घाटन समारोहको संचालन महासचिव रोशन देव र सांस्कृतिक कार्यक्रमको संचालन ललित राय र भोला पासवानले गरेका थिए । त्यस अवसरमा सांस्कृतिक नाचगान, होली गीत र जोगिरा गायनका साथै खानपिनको पनि भव्य व्यवस्था गरिएको थियो ।

होली समारोहमा नेपालबाट गएका मधेशका चर्चिच कलाकारहरु जागेश ठाकुर तथा निरुता साहको सानदार प्रस्तुति थियो । त्यसैगरी, त्यहाँ रहेका स्थानीय कलाकारहरु गायक भोला पासवान तथा नृत्य तर्फ इशा, शीतल र पुनमका साथै नेपाली बोइज ग्रुपको पनि प्रस्तुति थियो । उद्घाटन समारोहमा भण्डारीले मधेशी एकता समाजले विदेशी भूमिमा पनि सम्पूर्ण मधेशीलाई जोडेर राखेकोमा प्रशंसा गरे । उनले वैदेशिक रोजगारीमा जानका लागि आवश्यक पर्ने सीप र पैसा नेपाल सरकारले उपलब्ध गराउने जानकारी दिए । त्यस अवसरमा उनले एक प्रकारको होली गायन अर्थात् जोगिरा गाएर सुनाएका थिए ।

नेपाली राजदूतावासका डेपुटी चिफ अफ मिसन भट्टराईले होली पर्वको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गरे । त्यसैगरी, एकता समाजका नेपाल संयोजक डा. बबी सिंह यादवले होलीको शुभकामना दिए । उनले मधेशी एकता समाजको नेपाल इकाइले विभिन्न क्षेत्रमा गर्दै आएको सहयोग र समन्वयबारे जानकारी दिए ।

यस्तै, समाजको अन्तर्राष्ट्रिय संयोजक डा. रविन्द्र कुमार यादवले वर्तमान समयमा वैदेशिक रोजगारमा रहेका मधेशी युवाहरूको अवस्था अत्यन्त जोखिमपूर्ण रहेको बताए । डा. यादवले कम्तीमा प्राविधिक प्रशिक्षण लिएर र २० वर्ष उमेर पुगेपछि मात्रै वैदेशिक रोजगारमा आउने वातावरण बनाउन सल्लाह दिए । डाक्टर यादवले एकता समाजले संसारभरि फैलिएका मधेशी प्रवासीहरुलाई मधेश हितका लागि एकताको सूत्रमा बाँधेर मधेशको सांकृतिक पहिचान जोगाउन काम गरिरहेको बताए । यस्तै मधेशमा शिक्षाको स्तर उन्नति, मधेशबाट हुने श्रम आप्रवासनलाई कम जोखिमपूर्ण बनाउन र श्रमिकलाई सीपमूलक तालिम दिई विप्रेषणको गुणवत्ता कायम गर्नेजस्ता कार्यमा एकता समाजले सकारात्मक परिवर्तनको प्रयास गरिरहेको डा. यादवले बताए ।

यस अतिरिक्त, श्रमिकहरुलाई परदेशमा समस्या पर्दा उद्धार गर्ने, मद्दत गर्ने, मधेशमा प्राकृतिक विपत्तिको बेला सहयोग गर्ने, मधेश आन्दोलनका शहीद परिवारलाई सहयोग गर्ने, मधेश मुद्दालाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न मद्दत गर्नेजस्ता कार्यमा समेत संस्था क्रियाशील रहेको यादवको भनाइ थियो ।

होली समारोहमा संयुक्त अरब इमिरेट्सका विभिन्न शहरमा कार्यरत ४ सय जनाभन्दा बढी मधेशी सहभागी थिए ।

त्यस अवसरमा युएईमा भूउपग्रहको सफ्टवेयर डिजाइनिङ गर्ने मुकेश झा, मिसाइल डिजाइनिङमा कार्यरत इन्जिनियर दीपक कुमार यादव, न्यूयोर्क विश्वविद्यालय आबुधाबीबाट डिग्री प्राप्त गर्ने पहिलो मधेशी उत्तम मिश्रा, दुबईमा कारखाना स्थापना गर्ने पहिलो मधेशी विनेश यादव र अन्य मधेशी उद्यमीहरु कविन्द्र यादव, गणेश पुर्बे र जीवछ साहलाई सम्मान गरिएको थियो ।

नेपालमा होली मार्च २५ मा भए पनि रमजानको पवित्र महिना मार्च ९ देखि अप्रिल ९ सम्म चल्ने भएकोले दुबईमा होली समारोह रमजानअगावै मार्च ३ तारिखमा आयोजना गरिएको थियो । त्यस अवसरमा मधेशी एकता समाजले रमजानको अवसरमा मार्चको तेस्रो हप्तामा इफ्तार कार्यक्रम दुबईमा आयोजना गर्ने घोषणा गरेको छ ।

# नारी दिवस मनाइयो




**टुडे समाचारदाता**

जनकपुरधाम । विविध कार्यक्रम गरी अन्तर्राष्ट्रिय नारी दिवस मधेश प्रदेशमा मनाइएको छ । जनकपुरधाम, बर्दिबास, राजविराज, सिरहा, मलंगवा, गौर, कलैया र वीरगञ्जमा विभिन्न कार्यक्रम आयोजना गरी शुक्रबार एक सय १४ औं अन्तर्राष्ट्रिय महिला दिवस दिवस मनाइएको छ ।

सन् १९१० मार्च ८ मा विश्वका केही प्रबुद्ध महिलाले आफ्नो हक अधिकारका लागि सङ्गठित भएर आन्दोलन सुरु गरेको दिनको सम्झनामा हरेक वर्ष मार्च ८ लाई विश्वभर नारी दिवसकारुपमा मनाउन थालिएको छ । दिवसका अवसरमा ' महिलामा लगानी सभ्य र समुन्नत समाजको थालनी', 'नारी समस्या समाधानमा ऐक्यबद्ध होऔँ जस्ता प्लेकार्डसहित शुक्रवार बिहान विभिन्न ठाउँवाट निस्किएको प्रभातफेरीमा मुख्य नारा बनाइएको थियो । प्रभातफेरीमा महिला जनप्रतिनिधिहरू, नगर कर्मचारी, महिला प्रहरी सेल लगायत महिलासम्वद्ध सङ्घ संस्थाको सहभागिता थियो ।

कोणसभालाई सम्बोधन गर्दै वक्ताहरुले सामाजिक कलङ्क बनेको बढ्दो महिला हिंसाले सुरक्षा चुनौती थपिएको बताएकी थिइन् । गर्भमै छोरीको हत्या, अशिक्षा, बालविवाह, दाइजो, बलात्कार, घरेलु हिंसा जस्ता महिला विरुद्ध हुने त्रासदी नियन्त्रण नभएसम्म समाजले अग्रगति लिन नसक्ने धारणा राखेकी थिइन् ।

"महिलामाथि हुने हिंसा समुन्नत समाजका लागि वाधकसमेत भएकोले यसलाई अन्त्य नगरे महिलाले समान अवसर र अधिकार पाउन सक्दैनन्," उनीहरुले भने ।

# साडी वितरण

**टुडे समाचारदाता**

राजविराज । महिला हिंसाको अन्त्य, महिलाको अधिकार सुनिश्चितता र एकल महिलाको उत्थानका लागि सरकारको ध्यानाकर्षण तथा आम नागरिकमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले शुक्रवार यहाँ र्‍याली निकालिएको छ ।एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थापना केन्द्र सप्तरीको अगुवाइमा हनुमाननगर कंकालिनी नगरपालिकामा र्‍याली निकालिएको छ। ११४औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर आयोजना गरिएको सचेतनामूलक कार्यक्रम पश्चात हनुमाननगर कंकालिनी नगरपालिकाका




७० जना एकल महिलाहरुलाई केन्द्रको तर्फबाट सहयोग स्वरुप साडी समेत वितरण गरिएको छ । हिंसारहित समाजको निर्माण तथा एकल महिलाको जीवनमा सुधार ल्याउन यस्तो कार्यक्रमको आयोजना गरिएको केन्द्रका अध्यक्ष जुही ठाकुरले बताइन् । केन्द्रले अहिले विशेष गरी ग्रामीण क्षेत्रमा महिला हिंसा तथा एकल महिलाहरुको सशक्तीकरणका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

# झण्डै ७९ करोड बराबरको मालसमान बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश प्रहरीले चालु आर्थिक वर्ष २०८०/८१ को माघ मसान्त सम्ममा भारतबाट भन्सार छली ल्याएका ७८ करोड ७६ लाख ७९ हजारमा मालसमान बरामद गरी भन्सार कार्यालयलाई बुझाएको छ ।




नेपाल भारतको खुल्ला समानाको फाइदा उठाउदै तस्करहरुले चोरी तस्करी गरी नेपाल भित्र्याएका ७८ करोड ७६ लाख ७९ मूल्य बराबरका सामानहरु बरामद गरी भन्सारलाई बुझाइएको छ । प्रदेशका आठ वटै जिल्लाका सीमा नाकाबाट भन्सार छली गरी ल्याइएका मालसमानबाट उक्त परिणाममा राजस्व संकलन भएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका उपरीक्षक तथा प्रवक्ता श्याम कुमार महतोले जानकारी दिए ।

प्रहरीका अनुसार धनुषाबाट ३ करोड २३ लाख १४ हजार, महोत्तरीबाट ६ करोड १३ लाख १० हजार, सिरहाबाट १ करोड ७२ लाख ८६ हजार र सप्तरीबाट १ करोड ७४ लाख ५० हजार मूल्यबराबरको मालसमान बरामद गरिएको उनले जानकारी दिए ।

त्यसै गरी सर्लाहीबाट ४ करोड ७१ लाख ७२ हजार, रौतहटबाट ३ करोड ७ लाख ९४ हजार, बाराबाट ३० करोड ७८ लाख १९ हजार र पर्साबाट २७ करोड ३५ लाख ३० हजार मूल्यबराबरको मालसमान बरामद गरी भन्सारलाई बुझाइएको उनले बताए । भन्सार छलेर नेपाल भित्र्याइएका सामानहरूमा विद्युतीय सामग्री, सवारी साधनका पार्ट पूर्जा, लत्ता कपडा, श्रृगारका वस्तु र चाँदी रहेको उनले बताए । तस्करले भन्सार छलेर लयाएका सामान जफत गरी कारबाही गर्दा उक्त राजस्व संकलन भएको प्रहरी उपरीक्षक महतोले बताए ।

प्रहरीले सीमावर्ती क्षेत्रमा सक्रियता बढाएपछि राजस्व संकलनमा सुधार हुदै गएको उनले बताए ।

प्रहरीले तस्करी रोक्न सीमा नाकाहरूमा प्रहरी गस्ती बढाउनुको साथै प्रहरी प्रधान कार्यालयबाट समयमा अनुगमन हुने गरेको उनले बताए ।

# स्वास्थ्यकर्मी सम्मानित

**टुडे समाचारदाता**

वीरगञ्ज । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा एम्नेष्टी इन्टरनेशनल नेपाल समूह १६ ले ४ जना महिला स्वास्थ्यकर्मीलाई सम्मान गेरेको छ । वीरगञ्जस्थित नारायणी अस्पतालका ३ जना चिकित्सक र एक जना वरिष्ठ नर्सलाई सम्मान पत्र र दोसल्ला ओढाएर सम्मान गरिएको छ ।

"महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी" भन्ने नाराका साथ मनाइँदै गेरेको ११४औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा वीरगञ्जका ४ महिला सम्मानित भएकी छन् । एम्नेष्टी इन्टरनेशनल नेपाल समूह १६ का अध्यक्ष प्रकाश बाहेतीको अध्यक्षतामा भएको कार्यक्रममा नारायणी अस्पतालमा कार्यरत वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा.दिप्ती यादव, डा.प्रीती यादव र डा.अस्मिता उपाध्याय एवं नर्सिङ प्रमुख हेमा थापालाई दोसल्ला ओढाइ सम्मानपत्र मार्फत सम्मान गरिएको एमनेष्टी इन्टरनेशनल नेपाल समूह १६ का अध्यक्ष प्रकाश बाहेतीले जानकारी गराएका छन् ।

# शिवालयमा भक्तजनको घुइँचो

**टुडे समाचारदाता**

राजविराज । महाशिवरात्रिको अवसरमा शुक्रवार राजविराज स्थित हरिनन्देश्वर महादेव मन्दिर सहित जिल्लाका शिवालयहरुमा विहानै देखि भक्तजनको घुइँचो लागेको छ ।

शिवालयहरु हर हर महादेव र बोलबमको नाराले गुञ्जयमान भएको थियो । एका विहानै २२ किलो मिटर टाढा रहेको सप्तकोशी नदीबाट कावँरमा पवित्र जल बोकेर पैदल यात्रा गरी आएका हजारौ भक्तजनद्वारा लगाइएको हर हर महादेव र बोलबमको नाराले शिवालयहरु गुञ्जयमान बन्यो । हरिनन्देश्वर महादेव मन्दिरका मुल पुजारी महेश्वरी भारतीले सप्तकोशी नदीबाट पवित्र जल ल्याएर करिब २ हजार भन्दा बढी भक्तजनले भगवान शिवलाई जल अर्पण गरेको बताए ।



यस्तै जिल्लाको शम्भुनाथ, अंकुरी महादेव, लालेश्वरनाथ लगायतका शिवालयहरुमा पनि विहानै देखि दुध, जल, फलफुल, बेलपत्र चढाउने र पूजाका लागि आउने भक्तजनको घुइँचो लागेको थियो । इच्छित मनोकामना पूरा भएपछि भाकल गरेका कतिपय श्रद्धालु सडकमा घिस्रिदै (दण्ड प्रणाम) त कतिपय नाचगान र भजन किर्तन गर्दै शिवालय पुगेका थिए । भक्तजनका सुविधा र सुरक्षाका लागि आवश्यक सबै व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले जानकारी दिए । राजविराज स्थित हरिनन्देश्वर महादेव मन्दिरमा दर्शनका लागि आउने दर्शनार्थीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरी र मन्दिर व्यवस्थापन समितिका साथै विभिन्न संघ संस्थाले सुविधा प्रदान गरेका छन् । मारवाडी युवा मञ्च, राजविराज जेसिज, विश्व हिन्दू युवा संघ, नरसिंह हिन्दू सेना नेपाल, युनाईटेड डेभलवमेन्ट नेपाल, सामुदायीक सेवा केन्द्र, हिन्दू सम्राट सेना, राष्ट्रिय बजरंग दल लगायताका संघ संस्थाले पञ्चामृत, दुध, बेलपत्र, जल लगायत पूजा सामग्रीको प्रबन्ध मिलाएपछि यस पटक पूजापाठ सहज भएको भक्तजनहरुले बताए ।

## तपाईंको आज
पण्डित : ब्रम जी

- **मेष** : शिक्षामा उन्नति ।
- **बृष** : पारिवाहिक सुख ।
- **मिथून** : धन वृद्धि सञ्चय ।
- **र्कक्ट** : प्रेम प्रसंग, मित्र सुख ।
- **सिंह** : सुख समृद्धि हुने ।
- **कन्या** : भ्रमण अवसर हुने ।
- **तुला** : अवसर प्राप्त ।
- **वृश्चिक** : वाद विवादबाट बच्नु ।
- **धनु** : पुरस्कार प्राप्त लाभ ।
- **मकर** : नयाँ कार्य हुने ।
- **कुम्भ** : बौद्धिक क्षमता ।
- **मीन** : प्रतिभा सम्पन्नता ।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-७ मा अवस्थित क्षीरेश्वरनाथ महादेव मन्दिरमा रहेको नन्दीको पूजा गर्दै भक्तजन। *तस्बिरः रासस*

# बृहत् यौनिकता शिक्षा र प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न माग

टुडे समाचारदाता

काठमाण्डु । किशोरकिशोरीले बृहत् यौनिकता शिक्षा तथा यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई थप प्रवर्द्धन गर्ने शिक्षा तथा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सङ्घीय, प्रदेश तथा स्थानीय सरकारलाई आग्रह गरेका छन् ।

यौनिकता शिक्षाका कारण लागुऔषध प्रयोगमा कमी, स्वास्थ्य सेवाको प्रेषण संख्यामा वृद्धि, लैङ्गिक हिंसा, लाञ्छना तथा भेदभावमा समेत न्यूनीकरण भएको जनाउँदै उनीहरुको संविधानप्रदत्त प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न माग गरेका हुन्। नेपाल परिवार नियोजन सङ्घद्वारा हेल्भिटास नेपालको आर्थिक एवं प्राविधिक सहयोगमा ११४ औँ अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा बिहीबार आयोजित छलफलका सहभागी किशोरकिशोरीले आफूहरुलाई थप बृहत् यौनिकता शिक्षाको आवश्यकता रहेको औँल्याउँदै यसको पहुँचबाट वञ्चित नगर्न सरोकारवालासँग आग्रह गरका हुन् ।

यस वर्षको महिला दिवसको नारा 'महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी' भन्ने रहेको छ । विगत दुई दशकदेखि सङ्घले बृहत् यौनिकता शिक्षा र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारमा निरन्तर पैरवी गर्दै आएको छ भने हेल्भिटास नेपालले कर्णाली र मधेस प्रदेशमा 'प्रमोसन अफ युथ इन्गेजमेन्ट इन लोकल गभर्नेन्स' कार्यक्रममार्फत किशोरकिशोरीको क्षमता




अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ । दुवै सस्थामा आबद्ध किशोरकिशोरीलाई बृहत् यौनिकता शिक्षा तथा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका विषयमा थप सचेत र सुसचित एवं अनुभव आदानप्रदान गराउने ध्येयले अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा कूल ३७ प्रतिशत किशोरीको १८ वर्ष नपुग्दै र १० प्रतिशतको १५ वर्ष उमेरभित्र विवाह हुने गरेको, विवाहको उमेर २० वर्ष भए पनि ४१ प्रतिशत महिलाको १० देखि १८ वर्ष उमेरमा र ७६ प्रतिशतको २० वर्ष उमेरमा विवाह भएको पाइन्छ । यसैगरी १५-१९ उमेर समूहका १४ प्रतिशत किशोरी आमा अथवा गर्भवती भइसकेका हुन्छन् । यो अवस्थालाई मध्यनजर गर्दै बृहत् यौनिकता शिक्षा आवश्यकता भएको खाँचो भएकाले सङ्घले यही सेरोफेरोमा कायम बृहत्त यौनिकता शिक्षाले सम्बन्ध, मूल्य अधिकार , सस्कृति र यौनिकता, लैङ्गिकतामा बुझाइ, हिंसा र सुरक्षित रहनु, स्वास्थ्य र निरोगिताका लागि सीप, मानव शरीर र विकास, यौनिकता र यौनिक व्यवहार र यौनिकता तथा प्रजनन स्वास्थ्यलाई प्रवर्द्धन गर्दछ। कार्यक्रममा सङ्घका अध्यक्ष हिमालय लाल कसजुले यौन तथा प्रजनन स्वास्थ्य र अधिकार तथा बृहत् यौनिकता शिक्षा युवाको आवश्यकता र सरकारको दायित्व रहेको बताए । उनले भने, "सरकारको सहयोगीका रुपमा सङ्घले किशोरकिशोरी तथा युवा, एचआइभी/एड्स, सुरक्षित गर्भपतन, सेवाको पहुँच, किशोरकिशोरीलाई उमेरअनुसारको सूचना, शिक्षा र सिकाइजस्ता कार्यक्रम सञ्चालन गरिराखेको छ।"

हेल्भिटास नेपालका राष्ट्रिय निर्देशक डा प्रवीण मानन्धरले शरीर, स्वास्थ्य र भविष्यका बारेमा किशोरकिशोरीलाई सक्षम बनाउन लगानी बढाउनुपर्ने खाँचो औँल्याए। उनले भने, "जिम्मेवार एवं दक्ष जनशक्तिले मात्र परिवर्तन सम्भव छ।

यसका लागि किशोरकिशोरीले आफ्नो क्षमतालाई तिख्खर बनाउँदै भविष्यको नेतृत्व लिने आँट देखाउनुपर्छ।समानतार समावेशीता व्यवहारतः कार्यान्वनमा आएको छैन ।" सङ्घका केन्द्रीय सदस्य इन्द्रलक्ष्मी श्रेष्ठले लैङ्गिकताको आधारमा सबै वर्ग, उमेर र समुदायको सामाजिक, अर्थिक र मानवीय विकासमा समान पहुँच र समावेशीताको सुनिश्चित गर्न आवश्यक रहेका जनाउँदै महिला समानता अधिकारका लागि बनेका ऐन कानुन कार्यान्वयनको अवस्था फितलो रहेको टिप्पणी गरे। सङ्घका कार्यकारी निर्देशक डा प्रवीण शाक्यले किशोर किशोरी बीचको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार तथा बृहत् यौनिक शिक्षासम्बन्धी छलफलले उनीहरुलाई सवलीकरण, सक्षम बनाउन र भविष्यमा युवामैत्री नीति बनाउन र यसको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्ने बताए।

कार्यक्रमको दोस्रो सत्रमा कार्यक्रक सङ्घको निर्देशक डा वीना श्रेष्ठ, जेण्डर तथा एड्भोकेसी प्रमुख जमुना सिटौला र सङ्घका उपत्यका शाखाका प्रबन्धक शरद अर्यालले सङ्घद्वारा प्रदान गरिरहेका किशोरकिशोरीका सेवा तथा अभियानका बारेमा जानकारी दिएका थिए । कार्यक्रममा किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य अधिकार, सुरक्षित गर्भपतन, मेरो शरीरः मेरो अधिकार, युवाको अर्थपूर्ण सहभागिता र लैङ्गिक हिंसाका विषयमा सहभागीलाई जानकारी दिइएको थियो।

कार्यक्रममा सङ्घका विभिन्न समुदाय, अपाङ्गता भएका युवा, यौनकर्मी महिला, एचआइभी सङ्क्रमित युवाले आफ्नो अनुभव र सिकाइ र सङ्घमा आबद्ध भएर क्षमता अभिवृद्धि कसरी भयो भन्ने कुरालाई प्रस्तुत गरेका थिए। अन्तर्राष्ट्रिय परिवार नियोजन महासङ्घका विश्व युवा सञ्जालकी नेपालकी प्रतिनिधि वर्षा पाण्डेले आफ्नो अनुभव प्रस्तुत गरेका थिए।

# महानगरमा कुष्ठरोगका एक सय १० बिरामी

टुडे समाचारदाता

काठमाण्डु । काठमाडौं महानगरपालिकाभित्र कुष्ठरोगका एक सय १० बिरामी फेला परेका छन् ।

स्वास्थ्य सेवा विभाग, इपिडिमोलोजी तथा रोग नियन्त्रण महाशाखाअन्तर्गत कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाले विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा गरेको अध्ययनमा आव २०७९/८० मा महानगरभित्र मात्र एक सय १० कुष्ठरोगका बिरामी फेला पारेका हुन् ।

महानगरभित्र कुष्ठरोगका बिरामी फेला पारेपछि गैरसरकारी संस्था एनएलआर नेपालले महानगर र स्वास्थ्य सेवा विभागअन्तर्गत शाखाको सहकार्यमा स्थानीय जनप्रतिनिधि, स्वास्थ्य शाखाका कर्मचारी र स्वास्थ्य स्वयंसेवकलाई 'कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता समावेशी सम्बन्धी' क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ।

उक्त कार्यक्रममा यससम्बन्धी पाठ्यक्रम निर्माण गरी कुष्ठरोग के हो ? कुष्ठरोगले मानिसलाई



कसरी अपाङ्गता बनाउँछ ? निदान कसरी गर्न सकिन्छ ? यो रोग लागिहालेमा कसरी औषधि सेवन गर्नेलगायत जानकारी दिइने एनएलआर नेपालका कार्यकारी निर्देशक विकासमान सिंहले जानकारी दिए।

कुष्ठरोग समयमै पहिचान गर्नसके औषधि सेवनबाट निको हुने उनको भनाइ छ।

संस्थाले बिहीबार काठमाडौँ महानगरपालिका-२६ मा उक्त कार्यक्रम सञ्चालन गरेको थियो।

"कुष्ठरोग आँखाले देख्न नसकिने 'माइकोव्याक्टेरियम लेप्रे' नामक सुक्ष्म कीटाणुबाट लाग्ने, ज्यादै कम सर्ने रोग हो।

उपचार नगरेका बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यतः श्वासप्रश्वासका माध्यामबाट यो रोग सर्ने गरेको पाइन्छ", निर्देशक सिंहले भने।

एनएलआरले हालसम्म कामपा-१०, ११, २६, २९ र ३१ का जनप्रतिनिधि, स्वास्थ्य शाखाका कर्मचारी र स्वास्थ्य स्वयंसेविकालाई यससम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिसकेको छ । आगामी दिनमा वडा नं ६, ७, ८, ९ र १७ वडामा उक्त कार्यक्रम सञ्चालन गरिने सिंहले बताए।

कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखाका प्रमुख डा प्रशन्न नापितले आव २०७९/८० मा देशभर दुई हजार पाँच सय २२ जना कुष्ठरोगका नयाँ बिरामी फेला पारेका जानकारी दिनुभयो।

उहाँका अनुसार नयाँ बिरामीमध्ये सबैभन्दा धेरै मधेस प्रदेशमा नौ सय ४४ रहेका छन्।

काठमाडौँमहानगरपालिकाको सहकार्यमा सञ्चालन गरिएको उक्त कार्यक्रमको मुख्य उद्देश्य कुष्ठरोगको बारेमा जनचेतना जगाउने र समुदायमा रहेको भ्रम हटाइ सामाजिक लाञ्छनाको गलत धारणा परिवर्तन गर्नु रहेको मुख्य प्रशिक्षक गोपाहरि पोखरेलले बताए । एनएलआरले पहिलो चरणमा काठमाडौँका विभिन्न १० वडाका तीन सयभन्दा बढी जनप्रतिनिधि, स्वास्थ्य कर्मचारी र स्वास्थ्य स्वयंसेविकालाई प्रशिक्षण दिने जनाएको छ।

# केन्द्रीय बैंकले आठ अर्बको विकास ऋणपत्र बिक्री गर्दै

टुडे समाचारदाता

काठमाण्डु । नेपाल राष्ट्र बैंकले आठ वर्षे अवधिको ' विकास ऋणपत्र २०८८ भ' बोलकबोल प्रक्रियाबाट बिक्री गर्ने भएको छ।



कूल रु आठ अर्ब बराबरको उक्त ऋणपत्र धितो राखी कर्जा लिन वा दिन समेत पाइनेछ । ब्याजदर समेत बोलकबोल प्रक्रियाबाटै निर्धारण हुने केन्द्रीय बैंकले सूचनामार्फत जानकारी गराएको छ।

बैंक तथा वित्तीय संस्था, गैर बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, संगठित संस्था तथा नेपाली नागरिकले उक्त ऋणपत्र खरिद गर्न सक्नेछन्। यही फागुन २९ गते अपरान्ह बोलकबोल हुने छ । ऋणपत्रको साँवा भुक्तानी २०८८ फागुन ३० गते हुनेछ । अर्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने र त्यसमा ब्याजकर समेत लाग्नेछ।

ऋणपत्र घटीमा रु ५० हजार र बढीमा कूल निष्काशित रकमको सीमामा नबढाई रु ५० हजारले भाग गर्दा निशेष भाग जाने अङ्क बराबर खरिद गर्न सकिनेछ।

इच्छुक खरिदकर्ता प्रतिस्पर्धी वा अप्रतिस्पर्धी रुपमा सहभागी हुन सक्ने व्यवस्था गरिएको छ।

# मधेशबाट २० हजार लिटर दूध खरिद गरिँदै

टुडे समाचारदाता

काठमाण्डु । हेटौंडा दुग्ध वितरण आयोजनाले मधेशका जिल्लाबाट अहिले दैनिक करिब २० हजार लिटर दूध सङ्कलन गर्ने गरेको छ।



सङ्कलित दूधमध्ये विराटनगरमा धुलो दूध उत्पादनका लागि दैनिक १२ हजार लिटर र हेटौँडा दूध विकास बोर्डलाई छ हजार लिटर गरी कूल १६ हजार लिटर दूध पठाउने गरेको आयोजनाले जनाएको छ। आयोजनाले पर्साको वीरगञ्ज, चितवनको भरतपुर र नारायणगढ तथा मकवानपुरको हेटौँडामा दैनिक चार हजार लिटर स्थानीय उपभोक्तालाई दूध वितरण गर्दै आएको छ।

आयोजनाले मधेस प्रदेशको सर्लाही, रौतहट, बारा, पर्सा र बागमतीको मकवानपुरमा गरी दुई सय दूध उत्पादक सहकारी संस्थाबाट दूध खरिद गर्ने गरेको जनाएको छ। आयोजनाका प्रमुख राजीव खनालले तराईका जिल्लाका किसानले अहिले पशुपालन गरी त्यस भेगबाट दैनिक दुई लाख लिटरभन्दा बढी दूध उत्पादन गर्दै आएको भएता पनि वीरगञ्ज, नारायणगढ र हेटौँडा बजारमा स्थानीय उपभोक्ताको माग वृद्धि हुन नसक्दा ती किसानले उत्पादन गरेको दूधलाई आयोजनाले थप खरिद गर्नुपर्ने चुनौती थपिएको बताए।

उनका अनुसार आयोजनाले अब ती सहरमा थप दूधको माग बढाउन वीरगञ्ज, भरतपुर महानगरपालिका, हेटौँडा उपमहानगरपालिका र चितवनको रत्ननगर नगरपालिकाका जनप्रतिनिधि तथा स्थानीय उपभोक्ताबीच सहकार्य र प्राविधिक पक्षमा छलफल गर्न केही दिनभित्र प्राविधिक टोली त्यसतर्फ खटाउने छ।यसैगरी, आयोजनाले मधेसका चार जिल्ला र बागमतीको मकवानपुरका गरी करिब २८ हजार चार सय किसानलाई सो दूध खरिद गरेबापत मासिक रु तीन करोड १० लाख रकम भुक्तानी गर्ने गरेको प्रमुख खनालले बताए । यसैगरी, आयोजनाले अहिले दैनिक दही सात सय लिटर, घ्यू नौ सय किलो, पनिर चार सय किलो र मख्खन पाँच सय किलो उत्पादन गर्दै आएको छ । आयोजनाले मिठाईतर्फ पेडा र लालमोहन दैनिक एक हजार दुई सय कार्टुन उत्पादन गर्दै आएको छ । काठमाडौँका उपभोक्ताको मागबमोजिम मिठाई, पैँडा र लालमोहन दैनिक आठ सय कार्टुन पठाउँदै आएको सो आयोजनाले जनाएको छ। गत साउन र भदौको तुलनामा स्थानीय बजारमा दूधको माग कम हुँदा अहिले दैनिक दुई हजार लिटर दूध खरिदमा कटौती गरेको आयोजनाका सूचना अधिकारी कृष्णबहादुर श्रेष्ठले बताए। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको सो आयोजनामा प्रशासन, लेखा, प्राविधिक र मजदुर गरी एक सय ५० व्यक्ति कार्यरत छन् ।

# लेखनलाई अझ सशक्त बनाउन आग्रह

टुडे समाचारदाता

काठमाण्डु।नेपालीसाहित्यमा महिला लेखनले सामाजिक विसङ्गतिका विषयवस्तुलाई अझ सशक्तरुपमा प्रस्तुत गर्नुपर्नेमा जोड दिइएको छ।

एक सय १४औँ अन्तरााष्ट्रिय श्रमिक महिला दिवसका सन्दर्भमा नेकपा (एमाले) को साहित्य, कला तथा संस्कृति विभागले शुक्रबार आयोजना गरेको 'नेपाली साहित्यमा लेखनको वर्तमान अवस्था : चुनौती र सम्भावना' विषयक अन्तर्क्रियामा कार्यपत्र प्रस्तोता र टिप्पणीकर्ताले

सामाजिक र पारिवारिक चुनौतीबीच महिला लेखकहरुले साहित्यका विविध विधामा आफ्नो उपस्थितिलाई अघि बढाएको जनाउँदै उनीहरुका लागि समाज र परिवारले उचित वातावरण दिनुपर्ने बताए।

एमालेका उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले संविधानले महिलाका हक अधिकारलाई स्थापित गर्ने सवालमा उल्लेखनीय स्थान दिए पनि व्यवहारतः त्यसको कार्यान्वयन गराउन लेखनीबाट पनि सहयोग हुनुपर्ने बताए।

नेत्री शाक्यले महिलाहरु परिवर्तन र रुपान्तरणका बाहक भएकाले उनीहरु एक भएर हिम्मत र आँटका साथ अघि बढेमा सामाजिक अन्यायलाई परास्त गर्न सक्षम हुने बताए।

**मधेश प्रदेश सरकार**

**खेलकुद तथा समाज कल्याण मन्त्रालय**

**जनकपुरधाम, धनुषा**

उपरोक्त सम्वन्धमा यस खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, धनुषाको यस चालु आ.व.म ा स्वीकृत वार्षिक कार्यक्रम तथा योजना **माँग तथा आवश्यक्ताको आधारमा कवडहल, स्टेडियम, रंगशाला तथा खेलमैदान लगायतका पूर्वाधार निर्माण** सम्वन्धी कार्ययोजना रहेकोमा यस प्रदेश अन्तरगतका जिल्लाहरु मात्र यस मन्त्रालयमा तपसिलमा उल्लेखित विवरण बमोजिमको व्यहोरा १५ (पन्द्र) दिन भित्र पेश गर्नुहुन अनुरोध छ।

**तपसिलः-**

१. जग्गा सार्वजनिक हुनुपर्ने छ।

२. पालिकाको वा जनप्रतिनिधिको सिफारिस हुनुपर्नेछ।

३. कवर्डहल, स्टेडियम, रंगशाला, खेलमैदान मध्ये कुन हो यकिन गर्नु पर्नेछ।

४. छनौट भएकालाई यस मन्त्रालयबाट खटिएका प्राविधिकबाट फिल्ड भिजिट भए पछि फाइनल छनौट हुनेछ।

**नोटः-** मन्त्रालयको कार्यक्रम तथा बजेटको परिधिभित्र रही आवश्यक्ताको आधारमा यो जनाको छनौट र विनियोजन गर्ने अधिकार मन्त्रालयमा रहनेछ।

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। भेदभाव अंत करू दहेज लिय सा डरू ।।

बेटा बेटीके बराबर कहै छै
तैयो लोक क्या भेदभाव करै छै
बेटा के पढ़बै बोडिङ्ग स्कूल
बेटीके सरकारीयो के नै मुँह देख दै छै
बेटा जन्मलपर खुश होइ छै
बेटी जन्मलपर पर माथ पिटै छै
बेटा खुल्लाआम घुमै छै
बेटीके घर सँ बाहर नै निकल दै छै
कते दिन एना भेदभाव करब
बेटा भेला पर नै तरब
बेटा बेटी के समन बेहवार करु
बेटा जेहन बेटीके पढ़ाबु
सब कोई आब जागु
दहेज प्रर्थाके जैर सँ मिटाबु
नै लेव दहेज नै देव दहेज
आए सँ प्रतिज्ञा करु
दहेज लिय दिय सँ डरु



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुन्दर पार**
**दोहा कतार**

## ।। सखी ।।

हम कहइछी आहाँ सुनै नैछि
बडके बात छोट लगैय
छोटका के बात दिलमे धरैछी
कनीया वरके मेल नै
देवर जोरे फुटानी करैय
पापा समझबैय बेटा के
बडा कहइबेत छोट नै रहबे
काम करु समधाइनक
बात करु चलनी स छाइनक
पावन त्योहार करते रहु
देहके मुद सृगारैत चलु
लोक कहेत निम्न कहाउ
अपने आपको करु जेना बराइ
फेसबुक स रिल चैल आइल
करलागल लोक सब अपने प्रचार अपने
युटुब स बहुते उजियाइल
टिकटको बन्द भेलास बहुतो समाचार छुइटगेल
साँइ बहु दुनु एक रथके दुगो पहिया
जिवन चलाउ सँगे सँगे
नैहोत कहियो दुख कलेश
मिलजुइल क रहु मातापिता सँग सबदिन
खुशहाल रहु मुदा रोजिरोटि मे
लगल रहु सभहक दिन



**प्रमोद राम**
**जनकपुर ९**

## ।। म समय हुँ ।।

म, रहन्छु आफ्नै निरन्तर मतिमा ।
चलाउछु परिवर्तनको रथ गतिमा ।।
म, न गगन बादल र न जल थलमा ।
बस्छु केवल शून्य अदृश्य महलमा ।।
म, हुँ महाराजा दानी ज्ञानी विद्वान ।
तोडि क्षणमै अहम दिन्छु सत्यज्ञान ।।
म, नै बलमान हुँ सर्वश्रेष्ठ शक्तिमान ।
न भोक प्यास निद न लाग्छ थकान ।।
थिएँ पर्सि हुँ आज र रहनेछु भोली ।
अमूल्यरत्नले भर्छु धैर्यताको झोली ।।
लेख्छु नित सफल न्यायको किताब ।
गरि प्रमाणित पाप पुण्यको हिसाब।।
म, दिन्छु सवालको निष्पक्ष जवाफ ।
मन चाहे काँडा या फुलाउँछु गुलाफ ।।
सत्य काल शोक सन्त्रास डर भय हुँ ।
कर्म भाग्य लक्ष्य आस म समय हुँ ।।



**लेखकः- राम 'रुद्राक्ष' मण्डल**
**ठेगानाः- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ।। गजल ।।

गरिबी माथि छाया लाग्छ,
जीवनको अज्ञानमा धागा बाँधिन्छ।
भोजनको अभावमा प्यास लाग्छ,
सानो सानो आशा मात्र हास लाग्छ।
सपना बाँधी राखेर जीवन बिताउँछ,
परिश्रम गरी असल धनको बिचमा बस्छ।
गरिबीले छिनेर राम्रो लाग्छ,
सजिलो भन्दा गाढा अनुभव हुन्छ।
गरिबी माथि यो गजल नै लेखिएको हो,



**लक्ष्मण मण्डल**
**जलेश्वर-०९ परिकौली**

# पुष्पा २' मा सञ्जय दत्तको प्रवेश



'**काठमाण्डु** । 'पुष्पा २' लाई सन् २०२४ को प्रतीक्षित भारतीय फिल्ममध्ये एक मानिएको छ । अल्लु अर्जुन स्टारर यो फिल्मको पहिलो भागले विश्वभर उछाल कमाइ गऱ्यो, जसकारण पनि दर्शक दोस्रो श्रृंखलालाई लिएर उत्साहित छन् ।

पहिलो भागले विश्वव्यापी ३५० करोड भारु कमाएको थियो । त्यतिबेला सामाजिक सञ्जालमा यसले सुनामी मात्र ल्याएन, संकटमा परेको भारतीय फिल्ममा व्यावसायिक राहत पनि ल्यायो ।

'पुष्पा २' को यतिबेला काम भइरहेको छ र यसलाई वर्षको सबैभन्दा ठूलो भारतीय फिल्ममध्ये एक मानिएको छ । यो फिल्मको विस्तृत विषयलाई अहिलेसम्म लुकाएरै राखिएको छ ।भारतीय सञ्चारमाध्यमका अनुसार फिल्मको लाइनअपलाई लिएर रोचक खबर सतहमा आएको छ । फिल्मको एक प्रमुख भूमिकामा अभिनेता सञ्जय दत्तको प्रवेश हुँदैछ । खबरअनुसार निर्देशक सुकुमारले अभिनेता दत्तलाई एक भूमिकाका लागि प्रस्ताव राखेका छन् ।

यसअघि निर्देशक सुकुमारले कुनै एक बलिउड-ए लिस्टरलाई समेट्ने संकेत दिएका थिए । दत्तले अभिनय गर्ने खबर बाहिरिएपछि फ्यानमाझ उत्साह बढेको छ । स्रोतका अनुसार फिल्ममा सञ्जयले एक 'प्रभावशाली व्यक्ति'को भूमिका निर्वाह गर्नेछन् ।


फिल्मको प्लटमा उनको चरित्रले आकार थप्ने बताइएको छ । तर फिल्ममा सञ्जयको लामो भूमिका चाहिं होइन । तर लामो केमियो चाहिं हुने भनिएको छ । यसअघि 'पुष्पा २' मा मनोज बाजपेयीले अभिनय गर्ने चर्चा थियो तर यो खबरलाई बाजपेयीले अस्वीकार गरे ।

# फिल्म 'डन ३' चर्चामा

**काठमाण्डु** । फरहान अख्तरले 'डन ३' घोषणा गरेदेखि नै यो फिल्म चर्चामा छ । शाहरुख खानको स्थानमा रणवीर सिंह र प्रियंका चोपडाको स्थानमा कियारा आडवाणीलाई कास्ट गरिएको छ। कलाकार हेरफेरप्रति कोही दुःखी छन् भने कोही उत्साहित ।


कियाराले यो फिल्मबाट मोटो रकम पारिश्रमिक लिएको भनिएको छ । यसले धेरैलाई छक्का पार्न सक्छ । फिल्ममा उनी शीर्ष भूमिकामा देखिनेछिन् । यसअघि कृति सेननलाई कास्ट गर्ने खबर थियो ।

कृति र कियारा दुवैलाई लिड-फिमेलका लागि सर्टलिस्टमा राखिएको थियो । रणवीर भने कियारालाई कास्ट गर्न उत्साहित थिए । फिल्ममा यी दुवै जना अपोजिट भूमिकामा देखिनेछन्। कियाराले 'जंगली बिल्ली'को रोल गर्नेछिन् । यसअघि यो भूमिकामा प्रियंकाको प्रशंसा भएको थियो ।




बलिउड हंगामाको रिपोर्टअनुसार आडवाणीले यो फिल्मका करिअरकै धेरै पारिश्रमिक लिएकी छन् । उनले १३ करोड भारु पारिश्रमिक लिएको बताइएको छ। उनको अभिनय करिअरमा यो उच्च पारिश्रमिक हो । फिल्ममा उनी प्रशस्तै एक्सन दृश्यमा देखिनेछिन् । यो पारिश्रमिक 'वार २' को भन्दा ५० प्रतिशत बढी भएको भनिएको छ।'डन ३' सन् २०२५ मा रिलिज हुनेछ। छायांकन सोही वर्ष हुने अपेक्षा छ । यो फिल्मलाई दर्शकले लामो समयदेखि पर्खिरहेका छन् । दर्शकले शाहरुखको आशा राखेपनि त्यो सम्भव भएन।

# रेखाको बहुप्रतिष्ठित चलचित्र उपहारभित्र आशा



**काठमाण्डौ** । अभिनय कलाले सबै दर्शकहरुलाई मन्त्रमुग्ध बनाउने अभिनेत्री आशा भुषालले चलचित्र क्षेत्रमा थप नयाँ उचाइ निर्माण गरेकी छन् । अभिनय नै जिवनको स्पष्ट लक्ष्य निर्धारण गरी अभिनय क्षेत्रमा प्रवेश गरेकी उनले नेपाली चलचित्र जगतको मल्टी स्टार चलचित्र 'उपहार'मा आफनो स्थान पक्का गरेकी छन् । चर्चित अभिनेत्री रेखा थाले निर्माण गरेको चलचित्र उपहारमा समावेश हुन पाउनु नेपाली अभिनेत्रीहरुका लागि गौरवको विषय हो । चलचित्र उपहारको सार्वजनिक प्रर्दशन हुँदैगर्दा त्यस चलचित्रबाट आउने दर्शकहरुको प्रतिकृयाहरुको उनलाई प्रतिक्षा छ । चलचित्र उपहार आजबाट प्रर्दशन् भएको छ।

वरिष्ठ चलचित्र निर्देशक ज्ञानेन्द्र देउजाको निर्देशनमा निर्माण भएको चलचित्रमा आफुले फरक खालको अभिनय गर्न पाएकोमा आशा मख्ख छिन् । चलचित्रमा फरक खालको चरित्रमा अभिनय गर्न पाउनु उनको सौभाग्य पनि हो ।

चलचित्रमा रेखा थापा, मुकुन्द भुषाल, वेनिशा हमाल, पुजा शर्मा, सुष्मा कार्की लगायतका थुप्रै चर्चित कलाकारहरुको अभिनय रहेको छ । कलाकारितालाई अझै विस्तार गर्दै अघि बढ्दै आइरहेकी अभिनेत्री भुषालको मेहनत र अथक साधनाले चलचित्र कर्मीहरुबीच उनको परिचय फराकिलो बनेको छ। आफुलाई अभिनयको विधार्थी ठान्ने उनी नयाँ पुराना सबै खाले अभिनेताहरुबाट धेरै कुराहरु सिक्न पाएको बताउँछिन् । रेखा फिल्मस् र कपनगढी फिल्मस्को संयुक्त ब्यानर्रमा निर्माण भएको चलचित्र उपहारको कार्यकारी निर्माता बलराम शाही ठकुरी र निर्माता सुलभ प्रतिक र समिक्षा देउजा हुन् । चलचित्रमा विष्णु कल्पीतको छायाँकन, अर्जुन पोखरेल र बाबुल गिरीको संगीत र मित्र डि गुरुङको सम्पादन रहेको छ । आशा भुषालले चलचित्रका अगुवा थुप्रै टेलिचलचित्र, म्युचिक भिडियो, लघुचलचित्रहरुमा अभिनय गरिसकेकी छिन । मध्यम बर्गिय परिवारबाट चलचित्र क्षेत्रमा प्रवेश गरी आफुलाई स्थापित गर्नु चानचुने विषय होइन् । दरिलो आत्मविश्वास र अधिक साधना उनको बलियो हतियार हो । उनी संकल्प गरिसकेपछि जस्तो सुकै हालतमा काम फत्ते गर्ने खुबी भएकी अभिनेत्री समेत हुन् ।

कुशल अभिनयका कारण थुप्रै चलचित्रहरुबाट उनले अर्वाड समेत प्राप्त गरिसकेकी छिन् । 'नयाँ चलचित्र प्रर्दशन जति नजिकिदै जान्छ त्यति नै उत्सुकता बढ्दै जाँदो रहेछ । जसरी एउटी महिलाले ९ महिना कोखमा राखेर बच्चा जन्माउने दिनको प्रतिक्षामा आहादित हुन्छिन् त्यस्तै भएको छ मलाइ पनि' उनले भनिन् । उत्साह र कौतुहल्ता थपिएको छ। उनी भन्छिन् मलाइ जस्तै छटपटी पक्कै दर्शकहरुलाई पनि भएको छ । पक्कै पनि फिल्म उहाँहरुले मन पराइदिनु हुनेछ भन्ने उनको अपेक्षा छ ।

# एकसाथ तीन चलचित्र प्रदर्शनमा




**टुडे समाचारदाता**

काठमाण्डु । शुक्रबारदेखि तीन नेपाली चलचित्र 'उपहार', 'काँडेतार' र 'रङ्गेली' को सार्वजनिक प्रदर्शन गरिएको छ । महाशिवरात्रिलाई लक्षित गर्दै प्रदर्शनमा आएका तीनै चलचित्रको विधा भने फरक छ । सोही कारण पनि दर्शकले रोजाइअनुसारको चलचित्र हेर्न पाउने विश्वास निर्माण पक्षको छ।

रेखा थापाले निर्माणसँगै अभिनय गरेको चलचित्र 'उपहार' मा काठमाडौँमा जीविकोपार्जनका लागि तीन महिलाले गर्ने सङ्घर्षको कथा देखाइएको छ । अभिनेत्री थापाले चिया बेचेर पनि स्वदेशमै आम्दानी गर्न सकिने सफलतालाई मुनाको पात्रमार्फत व्यक्त गरिएको बताए । "चलचित्रका महिला पात्रले स्वरोजगारसँगै मेहनत र सङ्घर्षले प्राप्त हुने सफलतालाई दर्शाएका छन् । यसले विदेश मात्र विकल्प नभई स्वदेशमै गर्न सकिने व्यवसाय प्रति युवालाई आकर्षित गर्छ", अभिनेत्री थापाले भने, "मैले महिलाको सक्षमतालाई पर्दामा ल्याएको छु। यो काठमाडौँमा आएर सपना देख्ने तीन महिलाको कथा हो ।"

ज्ञानेन्द्र देउजाको निर्देशनमा तयार भएको चलचित्रमा पुजा शर्मा, मुकुन भुसाल, बेनिशा हमाल, तेज गिरी, समर्पणजङ्ग कार्की, सुष्मा कार्की, शिशिर राणा, राजाराम पौडेल, किरण केसी, अंशु महर्जन र विनोद पौडेलले अभिनय गरेका छन्। चलचित्रमा विष्णु घिमिरे छायाङ्कन, मित्र गुरुङले सम्पादन, सुलक्षण भारतीले कथा लेखन, अभिमन्यू निरवी र माधव शर्माले पटकथा तथा संवाद लेखेका छन् ।

शुक्रबारैदेखि प्रदर्शन गरिएको चलचित्र 'रङ्गेली' मा बोर्डर छेउमा हुने आपराधिक घटनाक्रमलाई देखाइएको छ । अर्जुन सुवेदीले लेखनसँगै निर्देशन गर्नुभएको चलचित्रमा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धिताललगायतले अभिनय गरेका छन् ।

चलचित्रले समाजमा बढिरहेको विकृतिलाई मुख्य विषयवस्तु बनाएको निर्देशक सुवेदीले बताए। "हामीले आपराधिक समूहको घटनाक्रम र त्यसले समाजमा परिरहेको प्रभावलाई चलचित्रको शैलीमा प्रस्तुत गरेका छौँ", उनले भने, "यसले मनोरञ्जनसँगै त्यसतर्फ आकर्षित भइरहेका युवालाई सचेत गर्छ । चलचित्रमा रङ्गेली र आसपासका मनोरम दृश्यलाई समेटेका छौँ ।"

अभिनेता राईले यसमा एक आपराधिक समूहको नेतृत्वकर्ताको भूमिका निर्वाह गरेका छन्। उनले धेरै समयपश्चात् यस किसिमको भूमिका निर्वाह गरेको बताए । "पैसा र शक्तिले एक सामान्य व्यक्तिको जीवनमा पार्ने प्रभाव र त्यसले निम्त्याउने घटनाक्रमले क्षणिक लाभ र दीर्घकालीन असरलाई मेरो पात्रले देखाउने प्रयास गरेको छ", अभिनेता राईले भने ।

प्रदर्शन गरिएको चलचित्र 'काँडेतार' राष्ट्रियता र राजनीतिका विषयमा आधारित छ। नेपालको सीमा मिचेर मुलुकको राष्ट्रिय स्वाधीनतामा हस्तक्षेप गरेको कथावस्तुमा चलचित्र निर्माण गरिएको निर्देशक तथा कलाकार नवल खड्काले जानकारी दिए ।

उनले भने, "राष्ट्रवादी, चेतनामूलक एवं ऐतिहासिक विषयवस्तुमा चलचित्र निर्माण गरेका छौँ । यो राष्ट्रवादी धाराको एक सशक्त चलचित्र हो । नेपाल-भारत सीमामा काँडेतार लगाएर सिमाना व्यवस्थित गर्नुपर्ने सन्देश चलचित्रले दिन्छ ।"चलचित्रमा अभिनेता खड्कासँगै गौरव पहारी, रेविका गुरुङ, सुरविना कार्की, मुरलीधर, प्रेम सुब्बा, परशुराम चौधरी, सञ्जय खतिवडा, राजेन्द्र भगत, पन्नालाल सिकदारलगायतका कलाकारले अभिनय गरेका छन् । चलचित्रलाई स्वयं निर्देशक खड्का र शिवम अधिकारीले लेखेका छन् ।

# न्याय स्थापित गर्न घरपरिवारबाटै संस्कार र सोच परिवर्तन गर्नुपर्छ : राष्ट्रपति

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले लामो सङ्घर्ष र वलिदानबाट प्राप्त भएको महिला अधिकारलाई व्यवहारमा उतारेर समानता र न्याय स्थापित गर्न घरपरिवारबाटै संस्कार र सोच परिवर्तन गर्नुपर्ने बताएका छन् ।



महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले शुक्रबार ११४औँ अन्तर र्‍ाष्ट्रिय महिला दिवसका अवसरमा आयोजना गरेको कार्यक्रममा राष्ट्रपति पौडेलले महिलाका अधिकारलाई सुनिश्चित गर्न घरबाटै संस्कार र सोच परिवर्तन गर्नुपर्ने बताएका हुन् । उनले भने, "उत्पीडित, महिला, दलित एवं समावेशिताका लागि हामीले अनुकरणीय संविधान पाएका छौँ ।" लामो सङ्घर्षबाट प्राप्त भएको उत्पीडित, महिलाका अधिकारलाई व्यवहारमा उतारेर समानता र न्याय स्थापित गर्नुपर्नेमा उनले जोड दिए।राष्ट्रपति पौडेलले नेपालमा सबैभन्दा बढी श्रम गर्ने वर्ग अपमानित भएकामा चिन्ता प्रकट गर्दै श्रमको सम्मान गर्ने संस्कारको विकास जरूरी भएको बताए । उनले जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाको आर्थिक, सामाजिक, राजनीतिकलगायत विकासका विविध आयाममा समान र अर्थपूर्ण सहभागिताविना आर्थिक सशक्तीकरणका राष्ट्रिय आकाङ्क्षा पूरा गर्न असम्भव भएको बताए ।राष्ट्रपति पौडेलले महिला विकासका क्षेत्रमा लगानी अभिवृद्धि गरी सभ्य र समुन्नत समाज निर्माणमार्फत लैङ्गिक समानतायुक्त राष्ट्र निर्माणको दीर्घकालीन सोच प्राप्तिमा सबै क्षेत्रको निरन्तर सहयोग आवश्यक भएको बताए । "मातृ मृत्युदरमा उल्लेखनीय सुधार, महिलाको कूल साक्षरता दरमा वृद्धि तथा आर्थिक सशक्तीकरणका सूचकमा सकारात्मक परिवर्तन भइरहेको छ, तथापि प्राकृतिक प्रकोप, लैङ्गिक हिंसा तथा गरिबीको प्रभाव महिलामा बढी परेको छ जसले गर्दा महिलाको जीवनयापनमा जटिलता आएको छ", राष्ट्रपति पौडेलले भने, "नारीको जीवनको सुरक्षा, रोजगारीमा अवसर दिएर श्रमको सम्मान गर्नु जरुरी भएको छ ।" उनले तीनै तहका सरकारले नीति, योजना र कार्यक्रम तय गरी महिला सशक्तीकरणमा योगदान गर्नेमा आफू विश्वस्त रहेको बताए । "संविधानले नारीको हकलाई मौलिक हकका रूपमा स्थापित गरी महिलालाई लैङ्गिक भेदभावविना समान हक, सुरक्षित मातृत्व र प्रजननसम्बन्धी हक, पैतृक सम्पत्तिलगायत सबै विषयमा समान हकको प्रत्याभूति गरेको छ", राष्ट्रपति पौडेलले भने, "राज्यका सबै निकायमा महिलाको समानुपातिक समावेशीतालाई सुनिश्चित गरेको छ, महिलाविरूद्ध हुने कुनै पनि किसिमको हिंसाजन्य कार्य र शोषणलाई दण्डनीय गरेको छ, संविधानले व्यवस्था गरेका महिलाका यी हक, अधिकारको व्यावहारिक कार्यान्वयन गर्न म सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछु ।"

उनले महिलाको सामाजिक तथा आर्थिक अवस्था सुधारका लागि राज्यले ठूलो लगानी गर्दै आएको भए पनि त्यसको सही सदुपयोग नभएको र कतिपय राज्यद्वारा प्रदान गरिएका सुविधा तथा नीति कार्यक्रमबारे महिलाले नै जानकारी नपाउने अवस्थाको अन्त्य हुनुपर्नेमा जोड दिए । राष्ट्रपति पौडेलले विकट ग्रामीण भेगका महिलामा यसको यथेष्ट जानकारी दिएर राज्यको लगानीको सही सदुपयोग गर्न उनीहरूसम्म सूचना प्रवाह गर्न आवश्यक भएको बताए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री भगवती चौधरीले महिलालाई आर्थिक उन्नति हुने खालको गतिविधिमा संलग्न गराउनुपर्ने र महिला उद्यमशीलतामा ध्यान दिनुपर्ने बताईन् । उनले महिलाविरुद्धका हिंसा अझै पनि समाजमा व्याप्त रहेको हुँदा न्यूनीकरणका लागि सबैले पहल गर्न आग्रहसमेत गरिन् ।

मन्त्री चौधरीले राज्यको निकायमा ३३ प्रतिशत हुनुपर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरेर जानुपर्ने र स्थानीय तहदेखि नै महिलाको नेतृत्व, आर्थिक, सीप, क्षमता विकास गर्नुपर्ने बताईन् । महिला, बालबालिका तथा सामाजिक समितिका सभापति किरणकुमार साहले राज्यका प्रत्येक निकायमा ३३ प्रतिशत महिला सुनिश्चित हुनुपर्ने कानुनी व्यवस्था भए पनि मन्त्रिपरिषद् राजनीतिक दल र अन्य स्थानमा पनि कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिईन् । राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले महिलाका विषयमा संविधानमा लेखिएका विषयको अक्षरशः ालना गर्नुपर्ने र महिलाको स्वास्थ्य, शिक्षा, रोजगारीका सवालमा तीनै तहका सरकारले ध्यान दिनुपर्नेमा बताईन् । राष्ट्रिय मानव अधिकार आयोगमा सदस्य लिली थापाले नेपालको इतिहास महिलाले गरेका योगदानको अभिलेख राख्नुपर्ने र त्यसका लागि महिला मन्त्रालयले पहल गर्नुपर्ने बताईन् ।

त्यसअवसरमा नेपालको इतिहासमा महिलाले गरेको योगदान र उद्यमशील महिलाको व्यावसायिक खेती केन्द्रित चेतनामूलक वृत्तचित्र प्रस्तुत गरिएको थियो ।

# नयाँसत्ता समीकरणले राजनीतिक स्थायित्व र जनतामा आशा जगाउने

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सत्ता समीकरणमा आएको परिवर्तनलाई सकारात्मकरूपमा लिएको छ । नेकपा एमालेको शुक्रबारको सचिवालय बैठकले पछिल्लो सत्ता समीकरणबाट राजनीतिक स्थायित्व कायम राख्न र जनतामा आशा जगाउन फलदायी हुने निष्कर्ष निकालेको हो ।बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै पार्टी महासचिव शङ्कर पोखरेलले मुलुकको राजनीतिक स्थायित्व र विकासमा टेवा पुर्याउन एमालेका तर्फबाट सकारात्मक योगदान पुग्ने ठानेका छौँ, जनताको निराशालाई आशामा परिणत गर्न हरतरहले सरकारलाई सहयोग गर्ने बैठकले निर्णय गरेको छ भने । महासचिव पोखरेलले एमालेसहित नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी,




जनता समाजवादी पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)लगायत पाँच राजनीतिक दल मिलेर नयाँ सरकार बनाउने प्रक्रिया सुरु भएको भन्दै नयाँ सत्ता समीकरणलाई साथ र सहयोग गर्न अन्य दललाई अनुरोध गरिएको बताए । "देशमा उत्पन्न निराशालाई चिर्ने र देशभित्रै केही गर्न सकिन्छ भन्ने सकारात्मक भावना विकास गर्ने प्रयास सरकारका तर्फबाट अगाडि बढ्ने छ", उनले भने, "मुलुकको स्वाधीनता, स्वाभिमान, विकास र समृद्धिका निम्ति सहकार्य फलदायी हुने विश्वास बैठकले गरेको छ । "बैठकले पार्टी स्थापनाको ७५औं वार्षिकोत्सवका दिन वैशाख १० गते विशेष समारोह र वैशाख ८ र ९ गते महाधिवेशन प्रतिनिधि परिषद् बैठक गर्ने निर्णय पनि गरेको महासचिव पोखरेलले जानकारी दिए ।

# आमनागरिकलाई जागरुक बनाउन आवश्यक रहेको देउवाको भनाई




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले महिलाविरुद्ध हुने सबैखाले हिंसाको अन्त्यका लागि आमनागरिकलाई जागरुक बनाउन आवश्यक रहेकामा जोड दिएका छन्।

एक सय १४औँ अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा सम्पूर्ण महिला दिदीबहिनीमा शुभकामना व्यक्त गर्दै सभापति देउवाले यस दिवसले त्यसमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरेका छन्। अन्तर र्‍ाष्ट्रिय नारी दिवस मनाइरहेका सन्दर्भमा नेपाल अहिले पनि महिलामाथि हुने विभेद र हिंसाका घटनाबाट मुक्त हुन नसकेको र सहरदेखि दूरदराजका गाउँमा आज पनि महिला शोषण, दमन र उत्पीडनबाट आक्रान्त रहेको उनले उल्लेख गरे ।

नेपालमा लोकतन्त्रको स्थापना र पुनःस्थापनाका हरेक आन्दोलनमा अग्रणी स्थानमा उभिएर कैयन महिला दिदीबहिनीले आफ्नो प्राणको आहुति गरेको उल्लेख गर्दै सभापति देउवाले उनीहरुप्रति उच्च सम्मान प्रकट गरेका छन्। आगामी दिनमा पनि स्थापित लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षण र सम्वर्द्धनका लागि महिला दिदी बहिनीको अझ महत्वपूर्ण र निर्णायक भूमिका रहनेछ भन्ने विश्वास व्यक्त गर्दै सभापति देउवाले दिवसका अवसरमा सम्पूर्ण महिला दिदीबहिनीमा शुभकामना व्यक्त गरेका छन्।

# समानताका लागि सरकारले नीतिगत व्यवस्था गरेको छ : प्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले महिलाको हक, हित र अधिकारको संरक्षण एवं प्रवर्द्धन, महिला सहभागिता, सशक्तीकरण र समानताको लागि सरकारले नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरेको बताएका छन् ।



अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा प्रधानमन्त्रीले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी, महिला अधिकारकर्मीलगायत महिला हक अधिकारको संरक्षण र प्रवर्द्धनका क्षेत्रमा क्रियाशील सम्पूर्ण सङ्घसंस्था तथा व्यक्तिहरूमा हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको, राष्ट्रपति, उपराष्ट्रपतिदेखि स्थानीय सरकार तथा राज्यका सम्पूर्ण अङ्गमा महिलाहरूको अर्थपूर्ण प्रतिनिधित्व र नेतृत्व स्थापित गरेको, सम्पत्तिमा समान अधिकारको प्रत्याभूति, प्रतिस्पर्धात्मक क्षमताको विकास, आत्मनिर्भरता, रूढीवाढी चिन्तन र मान्यतामा गुणात्मक हेरफेर आएको सन्देशमा प्रधानमन्त्रीले उल्लेख गरेका छन्। महिलाको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक हक अधिकार सुनिश्चित गर्न आफ्नो जीवन अर्पण गर्ने सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै प्रधानमन्त्री दाहालले देशको समृद्धिमा महिलाको योगदानको कदर गर्दै राज्यका विभिन्न संरचनामा महिलाको भूमिका विस्तार गर्न सरकारले विशेष जोड दिएको बताएका छन् ।

"तीनै तहका सरकार, निजी क्षेत्र, गैरसरकारी क्षेत्र तथा सरोकारवाला निकायबाट महिलाको क्षमता विकास, श्रम, सीप र सिर्जनालाई विकास प्रक्रियामा आबद्धता, लैङ्गिक मूलप्रवाहीकरण र सशक्तीकरणका लागि अधिकतम लगानी गर्न आवश्यक छ ।

महिलामा गरिने लगानीले महिलासँगै परिवार, समाज हुँदै समग्र राष्ट्रलाई नै समृद्धिको मार्गमा पुऱ्याउनुका साथै लैङ्गिक समतामूलक राष्ट्र निर्माणमा समेत सहयोग पुऱ्याउँछ", सन्देशमा प्रधानमन्त्रीले भनेका छन् ।

शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जनमा सुधार, सामाजिक सुरक्षा, पूर्वाधार तथा प्रविधिमा पहुँचलगायत विषयमा महिला लक्षित कार्यक्रमहरूमा लगानीलाई थप प्रभावकारी बनाउन आवश्यक भएको उल्लेख गर्दै प्रधानमन्त्रीले महिलाको अर्थपूर्ण सहभागिता, प्रतिनिधित्व र नेतृत्व विकासमा जोड दिएका छन् । उनले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गर्न जरुरी भएको, महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गर्न र समानताको व्यावहारिक प्रत्याभूति दिलाउन आवश्यक भएको सन्देशमा उल्लेख गरेका छन् । प्रधानमन्त्रीले सम्पूर्ण सरोकारवाला निकायलाई महिला सहभागिता, सशक्तीकरण, समानता, प्रतिनिधित्व एवं क्षमता विकासका लागि आ-आफ्नो तर्फबाट जिम्मेवार र उत्तरदायीपूर्ण तवरबाट कार्य गर्न थप उर्जा र प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गरेका छन्।

# महिलाको राजनीतिक अधिकार स्थापित भएको सभामुखको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । सङ्घीय संसद् प्रतिनिधिसभाका सभामुख देवराज घिमिरले ११४ औँ अन्तर र्‍ाष्ट्रिय महिला दिवसले सामाजिक सचेतना अभिवृद्धि गर्दै साझा अभियानमा सहभागी हुन सबैलाई उत्प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गरेका छन् । उनले महिला दिवसका अवसरमा शुक्रबार जारी गरेको शुभकामना सन्देशमा स्वदेश एवं विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनीमा सुख, शान्ति तथा समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गरेका छन् । "विश्वमा सदियौँदेखि चलिरहेको महिला अधिकार आन्दोलन फरकफरक स्वरूपमा आज पनि जारी छ, नेपालमा पनि विभिन्न आन्दोलनले महिलाको राजनीतिक अधिकारलाई विश्वमै उदाहरणीय हुने गरी स्थापित गरेको छ", शुभकामना सन्देशमा भनिएको छ, "राजनीतिक अधिकारको अर्थ समानता, स्वतन्त्रता, अवसर, पहुँच, पहिचान र हैसियतको प्रयोगमा बराबरीको हिस्सा पनि हो, राजनीतिकरूपमा महिलाको अधिकार सुनिश्चित भए पनि सशक्तीकरणको लक्ष्य प्राप्त गर्न सबै पक्ष र क्षेत्रमा सकारात्मक सोच, दृढ इच्छाशक्ति र प्रतिबद्धता हुन जरुरी छ ।"

'महिलामा लगानी : सभ्य र समुन्नत समाजको थालनी' भन्ने नाराका साथ यो दिवस नेपालमा आर्थिक र सामाजिक सशक्तीकरणका लागि लगानीको सुनिश्चित गर्न सहयोग गर्ने रचनात्मक तथा सिर्जनात्मक कार्यक्रम आयोजना गरी मनाइँदैछ । प्रत्येक मार्च ८ को दिनमा नारीहरूको सम्मान, जागरण, हक, अधिकारको सुनिश्चित गर्दै संसारभर अन्तर र्‍ाष्ट्रिय महिला दिवस मनाइन्छ ।

अन्तर्राष्ट्रिय हिला दिवसलाई महिला जागरुकतासम्बन्धी दिवसको रुपमा पनि लिने गरिएको छ । राजनीतिक तवरबाट सुरू भएको भए तापनि हाल यस दिवसमा महिला अधिकार, महिला सशक्तीकरण र लैङ्गिक समानता आदि सवालमा बहस हुने गरेका छन् ।

# बागमती प्रदेश प्रमुख शर्माद्वारा नारी दिवसको शुभकामना

**टुडे समाचारदाता**

मकवानपुर । बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले ११४ औँ अन्तर र्‍ाष्ट्रिय नारी दिवसको शुभकामना व्यक्त गरेका छन्। प्रदेश प्रमुख शर्माले शुक्रबार एक सन्देश जारी गर्दै यो दिवसले नारीहरूको सशक्तीकरणमा पाइला अगाडि बढाइराख्न अभिप्रेरित गरोस् भनी शुभकामना दिएका हुन् ।



उनले सबै नारीको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा विकासका समग्र आयाममा प्रगतिका लागि सम्पूर्णको समान सहभागिता तथा योगदान आवश्यक पर्ने उल्लेख गरे । उनले जारी गर्नुभएको शुभकामना सन्देशमा भनिएको छ, "११४ औँ अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा सम्पूर्ण नेपाली नारीहरूमा सुख, शान्ति एवं समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।" महिलाको हकलाई हाम्रो देशको संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको उल्लेख गर्दै उनले संवैधानिक व्यवस्थाबमोजिम महिलाका अधिकार राज्यका विभिन्न निकायमा अहिले कार्यान्वयन भइरहेको बताए । प्रदेश प्रमुख शर्माले कतिपय अवस्थामा पितृसत्तात्मक सोचका कारण समाजमा महिलामाथि बेलाबखत हुने अन्याय अन्त्य हामी सबैको दायित्वभित्र पर्ने पनि उल्लेख गरे ।

गण्डकी प्रदेशका उपसभामुख बीनाकुमारी थापाले हकअधिकार खोज्दा कर्तव्यलाई भुल्न नहुने बताएकी छन् । एक सय १४औँ अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा सामुदायिक वन उपभोक्ता महासङ्घ पोखरा महानगरद्वारा पोखरामा आयोजित कार्यक्रमको उद्घाटन गर्दै उनले प्राप्त महिला अधिकारको भरपुर उपयोग गर्दै अघि बढ्नुपर्ने बताईन् ।

मुलुकको परिवर्तनका लागि भएका प्रत्येक आन्दोलनमा महिलाको महत्वपूर्ण सहभागिता रहेको उल्लेख गर्दै उनले अबका महिला थप अधिकारका लागि सङ्गठित भएर लाग्नुपर्नेमा जोड दिए । वनको संरक्षणले जीवात्माका लागि प्राणवायु भएको बताउँदै उपप्रमुख थापाले प्राकृतिक स्रोतलाई समृद्धिसँग जोड्नुपर्ने आवश्यकता औँल्याए । संविधान परिवर्तनशील हुने बताउँदै आवश्यकताअनुसार परिमार्जन गरिने उनको भनाइ थियो ।

जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख तथा सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका केन्द्रीय सदस्य सरिता कुमालले लैङ्गिक समानताका लागि महिला सशक्तीकरणको खाँचो औँल्याए । सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालका केन्द्रीय सदस्य हरि बास्तोला, दोवबहादुर कार्की र प्रदेश अध्यक्ष कालिदास सुवेदीले सामुदायिक वन समूहले महिला नेतृत्व विकासमा उल्लेखनीय भूमिका खेल्दै आएको बताउँदै महिला दिवस विकट बस्ती एवं श्रमिक महिलासम्म पुग्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा महासङ्घका वडास्तरीय कमिटीका पदाधिकारी तथा सदस्यलाई पद तथा गोपनीयताको सपथ गराइएको थियो । सो अवसरमा विभिन्न वडाका एक सय २८ जनाले सपथ लिएका थिए । पोखरा महानगर वन महासङ्घका अध्यक्ष कमलकुमार भुजेलको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला महासङ्घका अध्यक्ष विश्वनाथ लामिछाने, डिभिजन वन कार्यालय कास्कीका प्रमुख कोमल रेग्मी, जमुना सुवेदी, सीता सापकोटालगायतले महिला दिवसको महत्वमाथि प्रकाश पारेका थिए ।


जनकपुर टुडे



# अमेरिकी अर्थव्यवस्था र आप्रवासनको अवस्थामा सुधार

**एएफपी**

वासिङ्टन । अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकी संयुक्त सदनमा आफ्नो वार्षिक 'स्टेट अफ द यूनियन' सम्बोधनका त्रममा नोभेम्बरमा हुने निर्वाचनमा आफ्ना सम्भावित प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पमाथि कडा प्रहार गर्दै मुद्रास्फीति र आप्रवासनजस्ता विषयमा उहाँले हासिल गरेका उपलब्धिको प्रशंसा गर्नुभएको छ । महिनौंसम्म बाइडेनको अनुमोदन दर ४० प्रतिशतभन्दा कम रहेको अवस्थामा उहाँको टिप्पणीअझै पनि उच्च मूल्य, अनिश्चित अर्थतन्त्र, सीमा सङ्कट र भूराजनीतिक द्वन्द्वलगायतका कारण निराश भएका अधिकांश अमेरिकीसँग मेल नखाने सम्भावना छ । "मेरा पूर्ववर्तीबाट मैले अमेरिकी अर्थव्यवस्थालाई सङ्कट उन्मुख अवस्थामा सम्हालेको थिए । अहिले हाम्रो अर्थतन्त्र संसारको ईर्ष्या बिषय बनेको छ", बाइडेनले अमेरिकी अर्थव्यवस्था सुधारोन्मुख रहेको बताउँदै भन्नुभयो, "ज्याला बढ्दै जान्छ र मुद्रास्फीति घट्दै जान्छ!"



तर ग्यालोपले हालै गरेको एक सर्वेक्षण अनुसार ४५ प्रतिशत अमेरिकीले देशको वर्तमान आर्थिक अवस्थालाई खराब ठान्छन्, एक चौथाइभन्दा बढीले मात्र अवस्थालाई सन्तोषप्रद ठान्छन् ।

पाँच प्रतिशतभन्दा बढीले मात्र अवस्थालाई उत्कृष्ट ठान्छन् भने २२ प्रतिशतले राम्रो ठान्छन् र अन्य २९ प्रतिशतले स्वाभाविक (न्यायोचित) भएको विश्वास गर्छन् । मुद्रास्फीतिले बहुसङ्ख्यक अमेरिकीहरूलाई प्रभावित गरिरहेको सर्वेक्षणले देखाएको छ, जसमा १७ प्रतिशतले उनीहरूको जीवनस्तर कायम राख्ने क्षमतामा असर पार्ने 'गम्भीर' कठिनाइ भएको बताएका छन् भने ४६ प्रतिशतले यसलाई 'मध्यम' कठिनाई भएको बताएका छन् ।

आफ्नो भाषणमा बाइडेनले आफ्नो टोलीले दुवै दलका सिनेटरहरूसँग वार्ता गरेको र सीमा सुरक्षा सुधारको 'सबैभन्दा कठिन' द्विदलीय समर्थन रहेको विधेयकको नेतृत्व गरेको बताउनुभयो ।

उहाँको यो टिप्पणीलाई त्यहाँ उपस्थित रिपब्लिकन सांसदहरूले चर्को स्वरमा आलोचना गरेका थिए ।रिपब्लिकनहरूले हालैको सीमा सम्झौतालाई कठिन कार्य नभएको बताएका थिए ।

अलाबामाका रिपब्लिकन सिनेटर केटी ब्रिटले बिहीबार राति बाइडेनको सम्बोधनमा रिपब्लीकनको औपचारिक प्रतिक्रिया दिँदै राष्ट्रपतिले सीमा सङ्कट सिर्जना गरेको र 'अपराधीलाई विश्वासमा' लिने र भोट बैङ्क सुरक्षित गर्ने प्रयास गरेको बताउनुभयो ।

ब्लुमबर्ग न्यूज र मर्निङ कन्सल्टको हालैको सर्वेक्षणअनुसार अमेरिका-मेक्सिको सीमामा आप्रवासीको सङ्ख्यामा भएको वृद्धिका लागि बाइडेनले जिम्मेवारी वहन गर्नुभएको १० मध्ये छ जनाले बताएका छन् । यो सीमा क्षेत्रमा दुबै दलको राजनीतिक प्रभाव बराबरी रहेको मानिन्छ ।

युक्रेन र रूसबीच लामो समयदेखि जारी द्वन्द्वका बीच राष्ट्रपति बाइडेनले युक्रेनलाई निरन्तर अमेरिकी सैन्य सहायताका साथै गाजामा इजरायली हवाई तथा स्थल आक्रमणजारी रहेका कारण प्यालेस्टिनी नागरिकले भोग्नुपरेको मानवीय सङ्कट दिन प्रतिदिन भयावह बन्दै गएको भन्दै सांसदहरू निराश हुँदै गएका बेला उक्त सम्बोधन गर्नुभएको हो ।इजरायली र प्यालेस्टिनीबीचको द्वन्द्वबारे बाइडेनको व्यवस्थापन र अमेरिकी अडानबारे युवा मतदाता रूष्ट देखिएका सर्वेक्षणले देखाएको छ ।युवा अमेरिकीहरू विशेष गरी आलोचनात्मक छन्, इजरायलको कारबाही र गाजा द्वन्द्वमा अमेरिकी प्रशासनको व्यवस्थापन दुवैप्रति असन्तोष व्यक्त गर्छन् ।

स्टेट अफ द युनियनको सम्बोधनका क्रममा बाइडेनले मतदातालाई आफ्नो नीति सफल भएको विश्वास दिलाउने प्रयास गर्नुभएको थियो । सम्बोधनमा उहाँले उनले ट्रम्पको नाम उल्लेख नगरी निरन्तर उहाँको आलोचना गर्दै ह्वाइट हाउसमा आफ्नो दोस्रो कार्यकालको आवश्यकता पुष्टि गर्नुभएको थियो ।

उहाँले आफ्नो प्रशासनले गरेका राम्रा कामको खुलेर प्रशंसा गर्नुभएको थियो ।

# महिला खेलाडीलाई सम्मान

**टुडे समाचारदाता**



रामपुर । शुक्रबार एक सय १४औं अन्तर्राष्ट्रिय नारी दिवस देशका साथै विश्वभर मनाइँदै छ । दिवसका अवसरमा विभिन्न सङ्घसंस्था एवं निकायले महिलाका हकहितका साथै सचेतनामूलक विविध कार्यक्रम आयोजना गरिरहेका छन् ।

यस वर्ष पाल्पाको रामपुर नगरपालिकाले महिला भलिबल खेलाडीलाई सम्मान गरेको छ । खेलक्षेत्रमा हौसला बढाउन लुम्बिनी प्रदेशको महिला भलिबल समूहलाई नगदसहित सम्मान गरिएको नगरपालिका कार्यालयले जनाएको छ ।

नगरप्रमुख रमणबहादुर थापाले रामपुरमा खेलका लागि विभिन्न पूर्वाधार निर्माणमा जोड दिइएको बताए ।

उनले नारी दिवसका अवसरमा महिला खेलाडीलाई सम्मान गरिएको भन्दै यसले खेलप्रति महिलालाई आकर्षित गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

नगरप्रमुख थापाले नगरभित्र दुईवटा कवर्डहल निर्माण भइरहेको भन्दै आगामी वर्ष भलिबल स्टेडियम निर्माणका लागि रू एक करोड विनियोजन गर्ने प्रतिबद्धता जनाए । क्षेत्रीयस्तरको रङ्गशाला निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिए पनि बजेट धेरै लाग्ने हुँदा स्थानीय तहले मात्र सम्भव नभएको उनले बताए ।

पछिल्लो समय खेलमा महिलाको आकर्षण बढ्दै गएको हुँदा प्रोत्साहन गर्दै यस वर्ष अन्तर ाष्ट्रिय महिला दिवसमा भलिबल खेलाडीलाई सम्मान गरिएको नगर उपप्रमुख बालकुमारी थापाले बताए ।रामपुरमा हालै सम्पन्न प्रथम लुम्बिनी कप राष्ट्रिय महिला भलिबल प्रतियोगितामा तृतीय स्थान हासिल गर्न सफल टिमलाई प्रोत्साहनका लागि सम्मान गरिएको हो । उक्त प्रतियोगितामा एपिएफ पहिलो, बागमती दोस्रो र लुम्बिनी तेस्रो भएको थियो ।

तेस्रोका लागि भएको खेलमा कोशी प्रदेशलाई सोझो सेटमा हराएर लुम्बनीले जित हासिल गरेको थियो ।

लुम्बिनीकी मीना सुनार खेलको 'प्लेयर अफ द म्याच' घोषित भइन् ।

नगरपालिकाले अघिल्ला वर्षमा ज्येष्ठ नागरिक, श्रमिक, कृषि, उद्यमी, पशुपालन, विभिन्न पेसा, व्यावसायमा आबद्ध महिला, महिला सञ्चारकर्मीलगायतलाई सम्मान गरिसकेको छ ।

शुक्रबार विश्वभर 'महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय नारी दिवस मनाइँदैछ ।

# महिलामाथि लगाइएको प्रतिबन्ध फिर्ता लिन आह्वान

**एएनआई**



काबुल ।अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधि रोजाओटुनबायेभाले तालिबानसँग महिला तथा बालिकाहरूमाथिको प्रतिबन्ध फिर्ता लिन आह्वान गर्दै प्रतिबन्ध जति लामो समयसम्म रहन्छ त्यति नै धेरै नोक्सान हुने चेतावनी दिनुभएको टोलो न्युजले जनाएको छ । उहाँका अनुसार पहिचानको सवाल र अफगानिस्तानमा विशेष दूतको भूमिका एजेन्डामा रहेको छ । अफगानिस्तान अवस्थाबारे राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठक सकिएपछि पत्रकार सम्मेलनमा ओटुनबायेभाले दोहामा हुने तेस्रो बैठकमा पहिचानको मुद्दा र विशेष दूतको कार्यक्रमलाई निरन्तरता दिने आशा राखेको बताउनुभयो । टोलो न्युजका अनुसार सुरक्षा परिषद्का केही सदस्य र अफगानिस्तानमा महिला तथा बालिकाको अधिकार पूर्ण पालनका लागि राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधिले पनि मानवअधिकार समस्याहरूको महत्त्वलाई जोड दिनुभयो ।

"हाल धेरै महिला सार्वजनिक स्थानहरूमा जान डराउँछन्, म यस अवसरमा वास्तविक अधिकारीहरूसँग यी प्रतिबन्ध फिर्ता लिनका लागि पुनः आग्रह गर्दछु, महिला र बालिकामाथि यी प्रतिबन्ध जति लामो समयसम्म जारी रहन्छ त्यति नै धेरै नोक्सान हुनेछ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार अफगानिस्तानका विषयमा तेस्रो दोहा बैठक यसै वर्षको जुनमा हुनेछ ।

"हामी भविष्यमा एउटा अर्को दोहा बैठक गर्दैछौँ, मलाई आशा छ पहिचानको मुद्दा र विशेष दूतको भूमिकालाई निरन्तरता दिइनेछ, यो अब एजेन्डामा छ, यो एकतामा कसरी काम गर्ने भन्ने कुरा हो", ओटुनबायेभाले भन्नुभयो ।

यसैबीच राष्ट्रसङ्घमा अमेरिकाका उपस्थायी प्रतिनिधि रोबर्ट वुडले कानूनीरूपमा हिजाब लगाउन आवश्यक नरहेका महिलाहरूलाई पनि तालिबानले हिरासतमा लिएको दाबी गर्नुभएको छ ।

"कानूनीरूपमा हिजाब लगाउन आवश्यक नभएका महिलाहरूलाई पनि तालिबानले हिरासतमा लिइरहेको छ, अमेरिका महिलाहरूलाई समाजमा पूर्णरूपमा सहभागी हुनसक्ने दिनका लागि तयार हुनका लागि अफगान महिलाहरूसँग काम गरिरहेको छ", उहाँले भन्नुभयो ।

अफगानिस्तानमा मानवअधिकारसम्बन्धी राष्ट्रसङ्घका विशेष प्रतिवेदक रिचर्ड बेनेटले गत वर्ष डिसेम्बरमा तालिबानसँग गैर-सरकारी सङ्गठनहरूमा महिलाहरूलाई काम गर्न लगाइएको प्रतिबन्ध हटाउन आग्रह गर्नुभएको थियो ।

उहाँले महिला अर्थतन्त्रका लागि महत्त्वपूर्ण भएको र अफगान समाजको कल्याण र प्रगतिका लागि उनीहरूको योगदान आवश्यक रहेकामा जोड दिनुभएको थियो ।

तालिबानले मिडिया स्वतन्त्रतामा प्रतिबन्ध लगाएको छ र महिलाहरूलाई पार्क र जिमजस्ता सार्वजनिक स्थानमा जान रोक लगाएको छ ।

उक्त कदमले कठोर अन्तर ाष्ट्रिय प्रतिक्रिया बढाएको छ । यसबाट अफगानिस्तानको अर्थतन्त्र तहसनहस भएको छ भने मानवीय सङ्कटसमेत बढेको छ ।

विशेषरूपमा सत्ता कब्जा गरेदेखि नै तालिबान नेतृत्वले अफगान महिला र बालिकाको शिक्षा तथा रोजगारसम्मको पहुँचमा प्रतिबन्ध लगाउने कडा आदेश जारी गर्दै आएको छ ।

# नाइजेरियाली विद्यालयबाट २८० भन्दा बढी विद्यार्थी अपहरण

**एएफपी**

कानो । मुलुकको सबैभन्दा ठूलो सामूहिक अपहरणमध्येको एकका रूपमा बन्दुकधारीहरूले उत्तरपश्चिमी नाइजेरियाको एक विद्यालयमा छापा मारी दुई सय ८० भन्दा बढी विद्यार्थीलाई अपहरण गरेको एक शिक्षक र स्थानीय बासिन्दाले बताएका छन् ।

अफ्रिकाको सबैभन्दा धेरै जनसंख्या भएको मुलुक नाइजेरियामा फिरौतीका लागि अपहरण सामान्य हो । यहाँ आपराधिक गिरोहहरूले विगतमा विशेषगरी उत्तरपश्चिममा विद्यालय र कलेजलाई निशाना बनाएका छन् । यद्यपि हालै यस्तो आक्रमण कम भएको छ । कदुना राज्यमा स्थानीय अधिकारीहरूले बिहीबार कुरिगा विद्यालयमा अपहरणको आक्रमण भएको पुष्टि गरेका छन् तर कति विद्यार्थीलाई अपहरण गरिएको हो भन्नेबारे अझै पत्ता लगाउने काम भइरहेकाले अपहृतको यकिन संख्या दिएका छैनन् ।

चिकुन जिल्लाको जिएसएस कुरिगा विद्यालयका शिक्षकमध्ये एक सानी अब्दुल्लाहीले बन्दुकधारीहरूले हावामा गोली चलाइरहेका बेला विद्यार्थीसहित कर्मचारीहरू भाग्न सफल भएको बताउनुभयो । "फेरि पनि हामीले अपहृतहरूको वास्तविक संख्या निर्धारण गर्न काम सुरु गरेका छौँ", विद्यालय भ्रमण गर्ने अधिकारीहरूलाई उहाँले भन्नुभयो, "जिएसएस कुरिगामा एक सय ८७ विद्यार्थी बेपत्ता छन् भने प्राथमिक विद्यालयमा एक सय २५ विद्यार्थी बेपत्ता भए पनि २५ फर्केर आएका छन् ।"

"दुई सय ८० भन्दा धेरै विद्यार्थी अपहरण भएका छन्, हामीले सुरुमा दुई सय अपहरणमा परेको सोचेका थियौँ तर सावधानीपूर्वक गरिएको गणनापछि अपहृत विद्यार्थीको सङ्ख्या दुई सय ८० भन्दा केही धेरै छ", स्थानीय बासिन्दा मुहम्मद एडमले भन्नुभयो । स्थानीय अधिकारी र प्रहरीले अपहृतको संख्याबारे कुनै आँकडा दिएनन् । प्राय हमलाबाट भागेका मानिसहरू घर फर्केपछि नाइजेरियामा अपहृत वा बेपत्ता मानिसको आँकडा कम गरिन्छ ।

# अनिता केसीले प्रीतिको स्थानमा आईलिग खेल्ने




**काठमाण्डु** । मिडफिल्डर अनिता केसीले प्रीति राईको स्थानमा भारतीय महिला आईलिग फुटबल खेल्ने भएकी छिन् । नेपाल राष्ट्रिय टोलीकी सदस्य प्रीति राई घाइते भएसँगै तीन महिना मैदान बाहिर हुने भएकी छिन् ।प्रीति भारतीय आईलिगमा किक स्टार्सबाट खेल्ने गरेकी छिन् ।

तर, घाइते भएपछि किक स्टार्सले नेपाली राष्ट्रिय टोलीबाट खेलिरहेकी अनितालाई अनुबन्ध गरेको हो ।

किक स्टार्सले खेल्ने बाँकी तीन खेलमा अनिताले खेल्नेछिन् । अनिताले पहिलो पटक आईलिग खेल्न उत्साहित रहेको बताइन् । 'पहिलो पटक आईलिग खेल्ने अवसर पाएकी छु ।

त्यसको लागि निकै उत्साहित छु,' अनिताले भनिन्, 'प्रीति घाइते भएपछि अवसर पाएको हो । उसको अभाव हुन नदिने प्रयास गर्छु ।'किक स्टार्सले ओडिसा एफसी, सेथु एफसी र गोकुल केरेलासँग खेल्न बाँकी छ । तीन खेल बाँकी रहँदा ६ जित, दुई बराबर र एक हारसहित २० अंक जोडेर तेस्रो स्थानमा छ ।

यस सिजन ७ खेल खेलिसक्दा प्रीतिसँगै दीपा शाहीले किक स्टार्सका लागि सानदार प्रदर्शन गरेका छन् । १० खेल खेलिसकेको गोकुलम केरेला २३ अंकसहित शीर्ष स्थानमा छ ।यस सिजन आई लिगमा ६ नेपाली खेलाडीले खेलेका छन् । प्रीति र दीपासँगै राष्ट्रिय महिला टोलीकी कप्तान एञ्जिला तुम्बाप्पो सुब्बा, गीता राना, रश्मिकुमारी घिसिङ र अमृता जैसीले खेलेका हुन् । एञ्जिला र गीता सेथु एफसीमा छन् । रश्मि र अमृता स्पोर्ट्स उडिसामा आवद्ध छन् ।

# सहायतालाई 'बार्गेनिङ चिप' का रूपमा प्रयोग नगर्न सुझाब

**एएफपी**



गाजा पट्टी । अमेरिकी राष्ट्रपति जो बाइडेनले गाजामा पठाउने सहायतालाई मोलमोलाइको बिषय (बार्गेनिङ चिप) का रूपमा प्रयोग नगर्न र गाजामा तत्काल अस्थायी युद्धविराम गर्न आह्वान गर्नुभएको छ ।

राष्ट्रपति बाइडेनले अमेरिकी संयुक्त सदनमा आफ्नो वार्षिक 'स्टेट अफ द यूनियन' सम्बोधनको प्रयोग गर्दै पाँच महिना लामो युद्धका बारेमा अहिलेसम्मकै सबैभन्दा कडा टिप्पणी गर्नुहुँदै अमेरिकी सेनालाई गाजामा 'आपतकालीन सहायता' को नेतृत्व गर्न पनि आदेश दिनुभएको छ ।

हमासका वार्ताकारहरूले कतारमा नेतृत्वसँग परामर्श गर्न इजिप्टमा मध्यस्थकर्ताहरूसँग भएको वार्ता छोडेपछि रमजान सुरु हुनुअघि नयाँ युद्धविरामको आशा क्षीण हुँदै गएको समय उहाँको यो भनाइ आएको हो । उहाँले भन्नुभयो, "मानवीय सहायता गौण वा मोलमोलाइको बिषय हुन सक्दैन भन्ने कुरा मैले इजरायलको नेतृत्वलाई बताउन चाहन्छु । निर्दोष जीवनको रक्षा र संरक्षण प्राथमिकता हुनुपर्दछ ।"

अस्थायी आश्रयस्थल र युद्धविराम खाद्यान्न, पानी, औषधि र अस्थायी आश्रयस्थल बोकेका ठूला जहाजलाई गाजा प्रवेशमा सहज हुनसक्ने राष्ट्रपति बाइडेनले आफ्नो सम्बोधनअघि बताउनुभएको छ । गाजामा बढ्दो मानवीय सङ्कटका बावजुद इजरायललाई दिएको निरन्तर समर्थनका कारण राजनीतिक दबाबको सामना गरिरहेका अमेरिकीराष्ट्रपतिबाइडेनलेअमेरिकी कर्मचारीहरू अपतटीय क्षेत्रमा रहने, सहयोगीहरूले बन्दरगाहबाट तटवर्ती अपरेसनहरू प्रबन्ध गर्ने बताउनुभयो ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले शुक्रबार भूमध्यसागरीय टापुमा प्रस्तावित करिडोरका विषयमा वार्ता गर्ने अपेक्षा गरिएको छ ।इजरायलको सबैभन्दा बलियो सहयोगी संयुक्त राज्य अमेरिकाले बिहीबार जोर्डन, बेल्जियम, इजिप्ट, फ्रान्स र नेदरल्याण्ड्सका विमानसहित गाजामा एक हप्ताभन्दा कम समयमा तेस्रो पटक सहायताको अर्को हवाई आक्रमण गरेको छ ।

गाजामा सहायताका लागि सडक पहुँच अवरुद्ध भएपछि प्यालेस्टिनी क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घीय सहायता संयोजक सिग्रिड कागले हवाई मार्गको स्वागत गर्दै स्थलमार्ग 'राम्रो समाधान' रहेको बताउनुभयो ।

"हामीलाई थाहा छ कि हामीले लामो समयसम्म गाजावासीहरूलाई मानवीय सहायता कायम राख्नुपछर्यो सजिलो छ, यो छिटो छ, यो सस्तो छ, विशेष गरी यदि हामीलाई थाहा छ कि हामीले लामो समयसम्म गाजावासीहरूलाई मानवीय सहायता कायम राख्नुपर्छ," पूर्व डच अर्थमन्त्रीले भने।

बाइडेनको सम्बोधनअघि अमेरिकी अधिकारीहरूले बन्दरगाहमा योजनाबद्धरूपमा सहायता वितरण सुरु हुन 'केही हप्ता' लाग्ने बताएका थिए । अमेरिकी प्रशासनले 'इजरायलीहरूलाई पर्खने' बताएका थिए ।

इजरायलले गाजामा थप राहत दिन असफल भएकोमा ह्वाइट हाउसको बढ्दो निराशाको सङ्केतको रूपमा अधिकारीहरूले सहायता अभियानलाई 'अमेरिकी नेतृत्वका लागि एक महत्वपूर्ण क्षण' को रूपमा वर्णन गरेका छन् ।

# कम उमेरमा बिहे गर्छन् इजरायली मुस्लिम महिला

**एएनआई**

तेल अविव । इजरायली मुस्लिम महिलाले औसतमा सबैभन्दा कम उमेरमै विवाह गर्ने गरेका इजरायली केन्द्रीय तथ्याङ्क विभागद्वारा हालै सार्वजनिक एक तथ्याङ्कमा उल्लेख गरिएको छ ।सन् २०२४ मार्च ८ मा मनाइने अन्तर्राष्ट्रिय महिला दिवसको पूर्वसन्ध्यामा यो तथ्याङ्क सार्वजनिक गरिएको हो । सन् २०२२ को तथ्याङ्क अनुसार इजरायलमा मुस्लिम महिलाहरूले औसत २३.५ वर्षको उमेरमा विवाह गर्छन् ।

ड्रुज महिलाहरूमा विवाहको औसत उमेर २५.४ बर्ष रहेको छ भने यहूदी महिलाहरूमा २५.६ बर्ष र क्रिश्चियन महिलाहरूमा २७.६ बर्ष छ ।

सन् २०२२ मा महिलाको बच्चा जन्माउने औसत उमेर बढेर ३०.७ वर्ष पुगेको छ जुन सन् २००० को औसत उमेरको तुलनामा आठ महिना बढी हो ।




इजरायलमा सन् २०२२ मा करिब एक लाख ७७ हजार २०० महिलाले बच्चा जन्माएका थिए । इजरायली महिलाले आफ्नो जीवनमा औसतमा २.८९ बच्चा जन्माउँछन् । यो सङ्ख्या आर्थिक सहयोग र विकास सङ्गठन (ओईसीडी) सदस्य देशहरूको औसत १.५८ बच्चाको तुलनामा बढी हो ।सन् २०२३ मा आमा बनेका १७ वर्षमाथिका इजरायली किशोरीको संख्या करिब १२ लाख अर्थात् कूल महिला जनसंख्याको ३५ प्रतिशत छ । यीमध्ये ९० प्रतिशत आफ्नो जीवनसाथीसँग बस्छन् र बाँकीले एकल अभिभावकत्वमा परिवारको नेतृत्व गर्छन् ।

# ठेलामा बदाम बेचेर जीविकोपार्जन

**टुडे समाचारदाता**

कञ्चनपुर । कञ्चनपुरको शुक्लाफाँटानगरपालिका-५खजुवाका टीकादत्त पाण्डेयलाई झलारी बजारको सडक छेउ ठेलामा बदाम बेच्दै आएको एक दशक बित्नै लागेको छ । बदाम बेचेर आएको रकमले पाण्डेय परिवारको जीविका चल्ने गरेको छ । बिहानै झिसमिसेमै पैदल हिँड्दै पाण्डेय खाना घरबाट बोक्दै झलारी बजार पुग्छन् । ठेलामा बदाम राखेर बेच्छन् ।



"सडक छेउमा बनाएको चुलोमा बदाम भुट्ने गर्छु", उनले भने, "श्रीमतीले बदाम बिक्री गर्छिन् ।" दैनिक २० किलोदेखि ४० किलोसम्म बदाम बिक्री हुने गरेको उनको भनाइ छ । पाण्डेय दम्पतीले दैनिक रु एक हजारदेखि रु एक हजार पाँच सयसम्म आम्दानी गर्दछन् ।

महँगो भएपछि बदाम बिक्री घटेको पाण्डेय दम्पतीको भनाइ छ । प्रतिकिलो रु दुई सयका दरले खरिद गरेको बदाम रु तीन सयका दरले बिक्री हुने गरेको छ । हिउँदमा बदाम बढी बिक्री हुने गरेको छ । यस व्यवसायबाट कमाएको रकमले पाण्डेय दम्पतीले घरखर्च चलाउने गरेका छन् । "ठेलाकै कमाईले घर बनाएँ, परिवारवारको खर्च धानेको छु", उनले भने, "अरुसँग हात थाप्नुपरेको छैन, पौरख गरेर जीविका चलाउँदै आएका छौं ।"

विसं २०६८ मा सहकारी संस्थाबाट रु २० हजार कर्जा लिएर पाण्डेयले ठेला व्यवसाय सुरु गर्नुभएको हो । व्यवसाय सञ्चालन गरेको एक वर्षमै सहकारीबाट लिएको कर्जा तिरेर उनले नाफा भएको रकम लगानी गरी व्यवसायलाई निरन्तरता दिनुभएको हो । हिउँद सकिएपछि पाण्डेय दम्पतीले ठेलामा फलफूल बेच्ने गर्छन् ।

फलफूलका धेरै पसल भएकाले प्रतिस्पर्धा बढी हुने गरेको पाण्डेय दम्पतीको भनाइ छ । "थोरै लगानी गरेर सञ्चालन गरेको व्यवसायबाट पनि जीविका चलाउन सकिने रहेछ", पाण्डेय दम्पती भन्छन् । नगरपालिकाले व्यवसाय गर्ने ठाउँ किटान गरिदनुपर्ने उनीहरुको माग छ । पछिल्लो समय झलारी बजार क्षेत्रमा ठेलामा व्यवसाय गर्नेको संख्या बढ्दै गएको छ ।

# २९ स्थानमा चक्लाबन्दी खेती

**टुडे समाचारदाता**

गण्डकी । व्यावसायिक कृषि उत्पादनका लागि गण्डकी प्रदेशका छ जिल्लाका २९ स्थानमा जग्गा चक्लाबन्दी गरिएको छ । प्रदेश सरकार स्थापना भएयता कुल पाँच हजार चार सय ९६ खेतीयोग्य भूमिको चक्लाबन्दी गरिएको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ ।



मन्त्रालयको भूमि स्रोत नक्साङ्क महाशाखाका प्रमुख गङ्गालाल पोखरेलले कास्की, तनहुँ, बागलुङ, मुस्ताङ, स्याङ्जा र नवलपुरमा चक्लाबन्दी खेती सुरु गरिएको जानकारी दिए । गत आवमा तनहुँ र नवलपुमा गरी पाँच सय ३२ रोपनी जग्गालाई चक्लाबन्दी गरिएकामा चालु आर्थिक वर्षमा लमजुङ र गोरखाको पाँच सय रोपनीमा उक्त कार्यक्रम सुरु गरिने उनले बताए ।

"लमजुङ र गोरखामा जग्गा चक्लाबन्दीका लागि स्थान छनोट हुन बाँकी छ । प्रदेश सरकारले नमूना कार्यक्रमका रूपमा जग्गाको चक्लाबन्दी गरिरहेको हो", प्रमुख पोखरेलले भने, "कार्यविधि बनाएर आगामी वर्षदेखि यो कार्यक्रम स्थानीय तहलाई हस्तान्तण गर्ने तयारीमा मन्त्रालय छ ।" चक्लाबन्दी गरिएको जग्गामा उत्पादन र उत्पादकत्व वृद्धि गर्न दश समूह/सहकारीलाई यन्त्र, उपकरण खरिदमा समेत सहयोग गरिएको उनले जानकारी दिए । छरिएर रहेको कृषियोग्य भूमिलाई एकीकरण गरी कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रीकरणमार्फत उत्पादन लागत घटाउन जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालनमा ल्याइएको महाशाखा प्रमुख पोखरेलको भनाइ छ । "लागत अनुमानका आधारमा चक्लाबन्दीका लागि ९० प्रतिशतसम्म अनुदान मन्त्रालयले दिन्छ । १० प्रतिशत लगानी किसान आफैंले गर्नुपर्छ", महाशाखा प्रमुख पोखरेलले भने, "चक्लाबन्दी खेतीका लागि ५० रोपनीभन्दा बढी जग्गा हुनुपर्छ ।" वर्षौंदेखि बाँझो रहेका जग्गामा समेत चक्लाबन्दीपछि व्यावसायिक खेती गर्न थालिएको उनले बताए ।

मन्त्रालयले बर्सेनि चक्लाबन्दी कार्यक्रमका लागि बजेट विनियोजन गर्दै आएको योजना तथा अनुगमन महाशाखाका वरिष्ठ कृषि अर्थविज्ञ भानुभक्त भट्टराईले बताए ।

खण्डीकृत र वर्षौंसम्म बाँझो रहेको जग्गामा चक्लाबन्दी कार्यक्रम सुरु भएपछि किसान लाभान्वित बनेका उनको भनाइ छ । "ठुलाठूला व्यावसायिक कृषि फार्म सञ्चालनका लागि यो कार्यक्रम उपयोगी छ । खेतीयोग्य जग्गाको खण्डीकरण पनि रोकिन्छ", वरिष्ठ कृषि अर्थविज्ञ भट्टराईले भने । बागलुङको निलुवा, ढोरपाटनलगायत क्षेत्रमा वर्षौंदेखि बाँझो रहेका जग्गामा चक्लाबन्दी गरेसँगै खेती सुरु भएको उनले सुनाए ।

"चक्लाबन्दी गरिएको जग्गामा अन्नबाली, तरकारी, फलफूललगायतका खेती भइरहेको छ", अर्थविज्ञ भट्टराईले भने, "चक्लाबन्दी कार्यक्रम सुरु भएपछि व्यावसायिक कृषितर्फ किसानको आकर्षण बढेको छ ।"

बागलुङको गलकोट नगरपालिका-४ निलुवामा चक्लाबन्दी खेती गर्दै आएको सयपत्री बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष चिन्तामणि शर्माले मन्त्रालयले खेती विस्तार, सिँचाइलगायतमा किसानलाई सघाउनुपर्ने बताए । वर्षौंसम्म बाँझो रहेको निलुवाको जग्गालाई चक्लाबन्दीपछि व्यावसायिक कृषि उत्पादन सुरु भइसकेको छ । निलुवामा आलु, केराउ, सिमीलगायत तरकारीजन्य बालीको खेती हुँदै आएको सहकारीले जनाएको छ । यहाँका ७३ किसानको एक सय ५० रोपनी जग्गालाई दुई वर्षअघि चक्लाबन्दी गरिएको थियो ।

पाँच सय गरामा बाँडिएको जग्गालाई अहिले ४३ 'प्लट' बनाइएको छ । निलुवामा चक्लाबन्दी कार्यक्रमका लागि मन्त्रालयले रू ३६ लाख ४९ हजार अनुदान सहयोग दिएको थियो ।

सहकारीले प्रतिरोपनी वार्षिक रू दुई हजार तिर्नेगरी विसं २०९० सम्मलाई जग्गा भाडामा ल्याएर चक्लाबन्दी खेती सुरु गरेको हो । खेती गर्न छाडेपछि बाँझो रहेको जग्गामा उक्त कार्यक्रम सुरु भएपछि जग्गाधनी किसान पनि खुसी छन् ।

# दिवाखाजामा स्थानीय रैथाने बालीको परिकार

**टुडे समाचारदाता**

बाजुरा । विगतका वर्षदेखि सञ्चालन गर्दै आएको विद्यार्थीका लागि दिवाखाजा कार्यक्रममा स्थानीय सरकारले स्थानीयस्तरमा उत्पादन हुने रैथाने बालीको परिकार समावेश गर्न थालेका छन् ।



सरकारले दिएको पौष्टिक आहारमात्र नभई विद्यार्थीलाई स्थानीयस्तरमा उत्पादन भएको फापर, जौ, कोदोलगायतका रैथाने बालीको प्रवर्द्धनका लागि दिवाखाजामा समावेश गर्न थालिएको हो । जिल्लाको बडीमालिका नगरपालिकाले पालिकाभित्रका सामुदायिक विद्यालयमा दिवाखाजाका रूपमा कोदोलगायत अन्न बालीको परिकार बनाएर खुवाउन थालेको छ ।

नगरपालिकाले गाउँमै उत्पादन भएको रैथाने बालीको प्रवर्द्धन र पहिचान बढाउने गरी दिवाखाजामा समावेश गरिएको नगरपालिका शिक्षा शाखा प्रमुख रङ्गमल विकले बताउनुभएको छ । नगरपालिकाले नगरभित्रका प्रत्येक सामुदायिक विद्यालयमा विद्यार्थीलाई स्थानीयस्तरमा उत्पादन गरिएको कोदो, मकैलगायतका परिकार बनाएर खुवाउने गरेको उनले बताए । स्थानीयस्तरमा उत्पादन भएको रैथाने बालीलाई प्रवर्द्धन तथा प्रचार-प्रसार गर्नेगरी नगरपालिकाले सबै सामुदायिक विद्यालयमा हप्ताको एक दिन अनिवार्य कोदोजन्य परिकार खुवाउने नीति कार्यान्वयन भएको नगरप्रमुख अमर खड्काले बताएका छन् ।सरकारले दिँदै आएको दिवाखाजालाई थप प्रभावकारी बनाउन र गाउँमै उत्पादन गरिएको कोदोको प्रवर्द्धन गर्न नगरपालिकाले नगरभित्रका सबै सामुदायिक विद्यालयमा हप्ताको एक दिन कोदोलगायतका बालीको परिकार पकाएर खुवाउने गरेको नगरप्रमुख खड्काले जानकारी दिए ।

रैथाने बालीको संरक्षण र बालबालिकालाई पौष्टिक आहार खुवाउने लक्ष्यसहित नगरले लिएको नीति अवलम्बन गरी नगरभित्रका २५ वटा सामुदायिक विद्यायलयमा गाउँमा उत्पादन गरिएको रैथाने बाली कोदोको परिकार बनाउने गरिएको नगरपालिकाले जनाएको छ ।

प्रारम्भिक बालविकासदेखि कक्षा ६ सम्म अध्ययन गर्ने बालबालिकाले दिनको पटक दिउँसो खाजा सुविधा पाइरहेका छन् । बालबालिकाको स्वास्थ्यलाई ध्यानमा राख्दै सामुदायिक विद्यालयतर्फ विद्यार्थीको आकर्षण बढाउन तथा विद्यालयमा विद्यार्थी छाडेर जाने र विद्यालयमा नआउने हुँदा संख्या बढाउनका लागि सरकारले दिवाखाजा सञ्चालन गर्दै आएको छ ।

दिवाखाजा कार्यक्रमपछि विद्यालय छाड्नेको संखयामा कमी र विद्यार्थीले नियमितरूपमा विद्यालय आउने गरेको कालिका आधारभूत विद्यालयका शिक्षक जङ्ग विकले बताएका छन् । कतिपय विद्यार्थीले बीचमै पढाइ छोड्ने, विद्यालयमा भर्ना भए पनि कम मात्रामा विद्यालय आउने र विद्यार्थीको संख्या दर घट्दै जाने गरेकाले दिवाखाजा कार्यक्रमले विद्यार्थीलाई आषर्कषण गर्दै आएको बताए । दिवाखाजा कार्यक्रमले विद्यार्थी निरन्तर विद्यालयमा आउने बानीको विकास भएको र विद्यार्थीको अनुपस्थित दर घटेको उनले सुनाए ।नगरपालिकाले सबै सामुदायिक विद्यालयमा बालबालिकालाई माघ २० गतेदेखि नै कोदो, फापर, मकैलगायतका खाद्यान्नको परिकारको दिवाखाजा बनाएर खुवाउने गरेको सरस्वती माध्यमिक विद्यालयका शिक्षक बलबहादुर रोकायले बताएका छन् । रैथाने बालीको प्रवर्द्धन तथा बढावा दिन, प्रचार प्रसार र उपयोगिताबारेमा जानकारी गराउने उद्देश्यसहित सञ्चालन गरिएको शाखा प्रमुख प्रेमबहादुर महतले बताएका छन् ।उनले २५ वटै विद्यालयमा चिनी, घ्यु र कोदोको हलुवा बनाएर हप्तामा एक दिन विद्यार्थीलाई खुवाउने कार्यक्रम रहेको कृषि शाखा प्रमुख महतको भनाइ छ । बडीमालिका नगरपालिकाका २५ वटा सामुदायिक विद्यालयका दुई हजार आठ सय ५८ बालबालिकाले दिवाखाजा खाइरहेका छन् । रैथाने बालीको दिवाखाजा कार्यक्रमका लागि रु दुई लाख ७५ हजारको बजेट छुट्याएको कृषि शाखा प्रमुख महतले बताए ।

# तीव्र उतारचढावबीच ७० अङ्कको वृद्धि

**राष्ट्रिय समाचार समिति (रासस)**

काठमाण्डु । सत्तागठबन्धन परिवर्तनको प्रभाव यो साताको पुँजीबजारमा पनि देखिएको छ । तीव्र उतारचढावका बीच यो साता नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ७० अङ्कले बढेको छ ।




साताको पहिलो दिन आइतबारको कारोबारपछि एक हजार नौ सय ६० को बिन्दुमा कायम भएको नेप्से परिसूचक अन्तिम दिनको कारोबार बिहीबार दुई हजार तीस दशमलव ५६ को बिन्दुमा पुगेको छ ।

सत्तागठबन्धन परिवर्तनसँगै सोमबार मात्र नेप्से परिसूचक एक सय १७ दशमलव ७० अङ्क अर्थात् छ प्रतिशतले बढेको थियो । उक्त दिन सकारात्मक सर्किट लागेर कारोबार समयअगावै बन्द भएको बजारमा मङ्गलबार भने उच्च अङ्कको गिरावट देखियो । मङ्गलबार परिसूचक ७० दशमलव ३१ अङ्कले घटेर दुई हजार सात दशमलव ६९ को बिन्दुमा कायम भएको थियो । बुधबार र बिहीबार दुवै दिन परिसूचक बढ्यो । नेप्सेका अनुसार परिसूचक बुधबार नौ दशमलव ३३ र बिहीबार १३ दशमलव ५१ अङ्कले बढेको थियो ।

यो साता पुँजी बजारमा रु १३ अर्ब २२ करोड १७ लाख १७ हजार बराबरको तीन करोड ६० लाख ४४ हजार ३१ कित्ता शेयर कारोबार भएको छ ।

आइतबार रु दुई अर्ब पाँच करोड ८५ लाख ९४ हजार बराबरको ५२ लाख ३८ हजार छ सय ९६ कित्ता शेयर खरिदबिक्री भएको छ । नेप्से परिसूचकमा सकरात्मक सर्किट लागेको सोमबार भने रु ३७ करोड ३७ लाख ५१ हजार बराबरको नौ लाख २० हजार तीन सय ९९ कित्ता शेयर मात्रै किनबेच भयो ।

मङ्गलबार रु चार अर्ब चार करोड ५२ लाख ८२ हजार सात सय ५४ बराबरको एक करोड चार लाख दुई हजार नौ सय ४० कित्ता शेयर कारोबार भएको छ । त्यसैगरी, बुधबार रु तीन अर्ब ४२ करोड २४ लाख ८४ हजार बराबरको ८५ लाख २८ हजार दुई सय ५५ कित्ता र बिहीबार रु दुई अर्ब ५८ करोड ७३ लाख १६ हजार बराबरको ६३ लाख ७२ हजार चार सय ५२ कित्ता शेयर खरिद बिक्री भएको छ ।

बिहीबारको कारोबारपछि कुल बजार पुँजीकरण रु ३१ खर्ब ९१ अर्ब ७५ करोड ७८ लाख ९५ हजार तीन सय ९४ बराबर कायम भएको छ ।

# स्थानीय खेतीतर्फ किसानको आकर्षण

**टुडे समाचारदाता**

अत्तरिया । स्थानीय जातको (रैथाने थारु) आलुखेतीमा यहाँका किसानको आकर्षण बढ्न थालेको छ । पछिल्लो समय आलुको माग बढ्न थालेपछि त्यसतर्फ किसानको अकर्षण बढ्न थालेको हो ।



विकासे आलुको तुलनामा थारूआलु महँगोमा बिक्री हुन थालेपछि किसानले व्यावसायिक आलुखेती गर्न थालेका स्थानीय बताउँछन् । कैलालीको धनगढी उपमहानगरपालिका-६ शान्तिटोलका शेरुराम चौधरीले विकासेभन्दा स्थानीय जातको आलुको माग बढि भइरहेकाले यसलाई व्यावसायिकरूपमा गर्न थालिएको बताए ।

उनले यस वर्ष सात कठ्ठामा आलुखेती गरेको बताए । "मैले पहिले टिपीएस, कार्डिनललगायतका आलु पनि लगाउँथे । यस वर्ष थारुआलु मात्रै लगाएको छु", चौधरीले भने, "थारुआलुको माग पनि बढेको छ । खान पनि स्वादिलो हुन्छ, त्यसैले यसको उत्पादनमा जोड दिएको छु ।" उन्नत जातका आलु हाल बजारमा प्रतिकिलो रू २५ देखि ३० मा बिक्री हुने भन्दै थारुआलु प्रतिकिलो रू ५० मा बिक्री हुने गरेको उनले जानकारी दिए ।

यस वर्ष २५ क्विन्टल आलु उत्पादन भएको चौधरीले बताए । उनले भने, "यस वर्ष १५ क्विन्टल जति बिक्री गर्छु । अरु आफूलाई खान र बीउका लागि राख्छौं । असारसम्म बिक्री गर्छौं । त्यो बेला मूल्य अझ बढी हुन्छ । प्रतिकिलो रू ८० देखि एक सयसम्ममा बिक्री हुन्छ ।" धनगढीमा रहेको हाटबजारमा सहजै बिक्री हुने भन्दै काठमाडौंबाट पनि माग आइरहेको बताए ।"आलु खनेर निकालेपछि यो सिजनमा फल्ने तरकारी लगाउँछु । तरकारी खेतीबाटै चार जनाको परिवारको खर्च, छोराछोरीको पढाइलेखाइ सबै चलाएको छु", चौधरीले भने । उनका अनुसार सबै खर्च कटाएर थारुआलु तथा अन्य तरकारीबाट वार्षिक रू तीन लाखसम्म बचत भइरहेको छ ।

खानमा स्वादिलो, कम बिग्रिने, भण्डारण गर्न सजिलो हुने भएकाले पछिल्लो समय किसानले रैथाने (थारु) आलु लगाउन थालेका स्थानीय पदीराम चौधरीले बताए । उनले आठ कठ्ठा आलुखेती गरेको बताउँदै करिब २५-२६ क्विन्टल उत्पादन भएको बताए । "अहिले बिक्री सुरु गरेका छौं । १२ देखि १५ क्विन्टलसम्म यस वर्ष बिक्री गर्छौं", उनले भने, "बाँकी आफूले खान र बीउका लागि राख्छौं ।"थारु आलु घरमै लामो समय भण्डारण गरेर राख्दा नबिग्रिने उनले बताए । गोबरमलको प्रयोग हुने भएकाले स्वास्थ्यका लागि थारुआलु राम्रो हुने भन्दै बजारमा यसको माग बढ्न थालेको उनको भनाइ छ ।

सोही ठाउँका स्थानीय फूलीराम चौधरीले यस वर्ष तीन कठ्ठामा आलुखेती गरेको बताए । उनले भने, "यस वर्ष १० क्विन्टल जति उत्पादन भएको थियो । पाँच क्विन्टल आलु हाटबजारमा लगेर बिक्री गरिसकें, बाँकी आफ्नो परिवारका लागि तरकारी र बीउका लागि राखेका छौं ।" बीउका लागि कैलालीको घोडाघोडी नगरपालिका-१ पहलमानपुर स्थित शीतभण्डारमा लगेर राख्ने गरेको उनले बताए ।सोही ठाउँका वीरेन्द्र चौधरीले पनि पाँच कठ्ठामा आलुखेती गर्दै आएको बताए । "पहिले विकासे जातको आलु पनि लगाउँथ्यौं । अहिले थारुआलुलाई जोड दिएका छौं । यस वर्ष १५ क्विन्टल उत्पादन भएको छ", उनले भने, "पुर्खौंदेखि लगाउँदै आइएको रैथाने आलु लगाउन छोडिँदै गएको थियो । यसको मागसँगै मूल्य पनि बढी भएकाले फेरि किसानले लगाउन थालिएका छन् ।"

शान्तिटोलका करिब ५० किसानले थारुआलु खेती गर्दै आएका स्थानीयको भनाइ छ । थारुआलु संरक्षण र प्रवर्द्धनका लागि विशेष पहल गरिने धनगढी उपमहानगरपालिका-६ का वडाध्यक्ष भागिराम चौधरीले बताए । "रोग कम लाग्ने, थोरै जग्गामा लगाउँदा उत्पादन धेरै हुने, खानमा स्वादिलो, लामो समयसम्म राख्दा नबिग्रिने थारुआलु संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ", उनले भने, "उन्नत जातको आलुको तुलनामा यसले कम मेहनतमा बढी उत्पाद दिन्छ ।" यसको प्रवर्द्धन, खेती विस्तार गर्न आवश्यक भएको स्थानीय सरकारले पहल गर्ने उनको भनाइ छ ।

आलु प्रवर्द्धनका लागि जिल्लाका विभिन्न ठाउँका किसानलाई कृषि ज्ञान केन्द्रले सहयोग गर्दै आएको जिल्लास्थित केन्द्रका प्रमुख खगेन्द्रप्रसाद शर्माले बताए । उनका अनुसार केन्द्रले चालु आवमा जिल्लाका विभिन्न ठाउँमा ४२ हेक्टर जग्गामा थारुआलु खेतीका लागि ७१ किसानलाई अनुदान, बीउबिजन, विषादि, स्प्रे, सिँचाइलगायतमा अनुदान दिएको छ । सो क्षेत्रबाट १० हजार क्विन्टल बढी थारुआलु उत्पादन हुने ज्ञान केन्द्रको अनुमान छ ।

# सामूहिक खेतीबाट आत्मनिर्भर बन्दै महिला

**टुडे समाचारदाता**

मनाङ । हिमाली जिल्ला मनाङका महिला सामूहिक खेतीमा आकर्षित भएका छन् । नासो गाउँपालिका-१ तालगाउँका महिला सामूहिक खेतीबाट आत्मनिर्भर बन्दै गएका हुन् । जिल्लामा आलुलाई प्रमुख खेतीका रूपमा मानिने भएकाले व्यावसायिक आलु उत्पादनबाट यहाँका महिला आत्मनिर्भर बन्दै गएका स्थानीय तिरकाशी घलेले बताए । "जग्गा भाडामा लिएर सामूहिक आलुखेती गर्न थालेका छौं", उनले भने, "एघार जना महिलाको समूह बनाएर १० रोपनी जग्गामा खेती गरिरहेका छौं ।" सामूहिक खेतीले आलु आयात गर्नुपर्ने अवस्थाको अन्त्य हुने आशा गरिएको उनको भनाइ छ ।"यहाँ आलुखेती प्रशस्त हुने भएकाले यसतर्फ आकर्षित भएका हौं । उत्पादन हुन थालेपछि आलुको बजारमा माग पनि बढिरहेको छ । उत्पादित आलु यहीं खपत भइरहेको छ", स्थानीय घलेले भने । जिल्लाका अन्य क्षेत्रमा पनि सामूहिक खेती गर्न सके यहाँ उत्पादित आलु बाहिर निर्यात गरेर आम्दानी बढाउन सकिने उनको भनाइ छ ।

किसान कान्छी गुरुङले एक्लैले काम गर्दा उत्पादन कम हुने भएकाले सामूहिकरूपमा काम थालिएको बताए । "सामूहिक हुँदा साथीसँग काम र रमाइलो गर्दै आम्दानी पनि लिन सजिलो हुन्छ", उनले भने । मनाङमा उत्पादित आलुको माग ठूला सहरमा भइरहेको भन्दै गुरुङले मागअनुसारको उत्पादन हुन नसकेको बताए । सामूहिक खेती सुरु गरेसँगै मनग्य आम्दानी हुन थालेपछि कृषि पेसाबाट पनि आत्मनिर्भर हुन सकिन्छ भन्ने सन्देश आमनागरिकमा पुर्याउन सकिएको उनको भनाइ छ । उहाँहरूजस्तै यहाँका महिला आलुखेतीमा आकर्षित भएका छन् । मनाङ पर्यटकीय क्षेत्र भएकाले उत्पादित आलु यही खपत हुने किसान बताउँछन् । बाहिरको मागलाई पूर्ति गर्न नसकिएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । हिउँद लागेसँगै जाडो छल्न काठमाडौं, पोखरालगायत सहर झरेका यहाँका किसान अहिले गाउँ फर्केर आलु रोप्नमा व्यस्त भएका नासो-५ का वडा सदस्य फूलमाया विकले बताए । "यस वर्ष समयमा नै हिउँ परेकाले जमिन गलेको छ । अहिले खेतीका लागि समय पनि उपयुक्त भएकाले अधिकांश खेतीपातीमा व्यस्त हुन थालेका हुन्", उनले भने । गाउँ फर्किएर जौं, गहुँ, आलु, उवा, करु, फापरलगायत खेती गर्न किसान व्यस्त हुन थालेका वडा सदस्य विकको भनाइ छ । नासोसँगै चामे गाउँपालिकामा आलु लगाउन भ्याइनभ्याइ भइरहेको उनले जानकारी दिए । वडा सदस्य विकले भने, "यस वर्ष समयमा नै हिउँ परेकाले कृषि पेसा गर्नेलाई सहज भएको छ । जमिन भिजेकाले सिँचाइको समस्या छैन । यतिबेला पालिकाभरिका किसान आलु रोप्न व्यस्त छन् ।" नासोका ओडार, तिल्चे, नाचै र ताचै, थोचे बढी आलु फल्ने क्षेत्र भएको नासो-५ का वडाध्यक्ष थुतेन लामाले बताए ।

कृषि ज्ञान केन्द्रका अधिकृत घनश्याम गैरेले किसानलाई बारीमै गएर आलु रोप्ने तरिका सिकाएको बताए ।

"कसरी आलु लगाउँदा बढी उत्पादन हुन्छ । मलको मात्रा, चिस्यानको अवस्था र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराएका छौं", उनले भने । गैरेका अनुसार यहाँ बढी उत्पादन हुने खेतीलाई ज्ञान केन्द्रले पनि प्राथमिकता दिँदै आएको छ । पालिका र ज्ञान केन्द्रको समन्वयमा कृषकलाई कृषि क्षेत्रमा प्रोत्साहन गर्न विभिन्न अनुदानको व्यवस्थासमेत गरिएको भन्दै यहाँका किसानलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ काम भइरहेको उनले जानकारी दिए ।

# श्रद्धा र उल्लास पूर्वक महाशिवरात्रि सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । जय शम्भो ! जय भोलेनाथ !! एउटै वाणी, एउटै पुकारा । शुक्रबार महाशिवरात्रि पर्वमा मधेशका प्राचीन मिथिलाक्षेत्रका शिवालय भक्तजनको जयजयकारले गुञ्जायमान भएको थियो । महाशिवरात्रि पर्वका अवसरमा प्राचीन शिवालय जलेश्वरनाथ, टुटेश्वरनाथ, मङ्गलनाथ, भूतनाथ महादेव, कपिलेश्वर महादेव, सिद्धनाथसहितका मन्दिरमा दर्शनार्थीको घुइँचो लागेको थियो ।

यी शिवालयहरुमा बिहीबार रातिदेखि नै धार्मिक अनुष्ठान र मङ्गलगान भएको थियो । शिवालय परिसरमा बिहीबार एक हजार आठ कन्याले पवित्र नदीबाट नयाँ माटोका घडामा भरेर ल्याएको पवित्र जलले सिँचन गरिएको थियो । तीन दिन उत्सवमय मनाइने महाशिवरात्रि पर्वमा धार्मिक मेला आयोजना गरिएका छन् । जताततै शिव महिमाका भजन गुञ्जिएका छन् ।

यसैगरी महोत्तरीको गेढाभेटपुरस्थित धष्णेश्वरनाथ, बर्दिबास-३ र मण्डलस्थित इन्द्रेश्वरनाथ, बर्दिबास-१४ को कामेश्वरनाथ र भङ्गाहाको सीतापुरस्थित सन्तानेश्वरनाथ महादेव मन्दिर परिसरमा हजारौंको संख्यामा दर्शनार्थी पुगेका छन् । बिहानैदेखि दर्शनार्थीको घुइँचो लागेको जलेश्वरनाथ मन्दिरका मुख्य पुजारी उपेन्द्र पाठक बताउँछन् ।

मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै १५ दिने मिथिला माध्यमिकी परिक्रमा प्रारम्भ हुन्छ । फागुन औंशीका दिन धनुषाको ठेराकचुरीस्थित रामजानकी मठबाट अवधविहारी (श्रीराम) को प्रतिमा राखिएको डोला बोकेर निस्कने साधुसन्त र श्रद्धालु भक्तजनको भीडमा जनकपुरधामस्थित अग्नीकुण्ड मठबाट किशोरीजी (सीताजी) को प्रतिमा राखिएको डोला अघि लगाइन्छ । यो यात्रामा बाजागाजासाथ जानकी मन्दिर, राममन्दिर, जनक मन्दिर र जनकपुरधामस्थित पवित्र तलाउ गङ्गासागर र धनुषसागरको प्रदक्षिणा गर्दै धनुषाकै हनुमानगढीमा रात्रि बास गरिन्छ । यो बाससँगै मिथिला माध्यमिकी परिक्रमा फागुन शुक्लपक्षभरि प्राचीन मिथिलाका विभिन्न तीर्थस्थलको परिक्रमा गरेर जनकपुरधाममा नै पुगेर टुङ्ग्याइन्छ । यो माध्यमिकी यात्रा आइतबार सुरु हुँदैछ ।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीको मटिहानीमा चौथो दिन यात्रीटोली पुग्ने परम्परा छ । पाँचौं दिन जलेश्वर, छैटौं दिन मडै, सातौं दिन ध्रुवकुण्ड र आठौं दिन कञ्चनवनको बाससँगै महोत्तरीको यात्रा पूरा हुन्छ । त्यसैगरी धनुषामा पहिलो दिन हनुमानगढी, नवौं दिन पर्वता, १०औं दिन धनुषाधाम, ११औं दिन सतोखर, १२औं दिन औरही र अन्तिम १५औं दिन जनकपुरधामको रङ्गशाला मैदानमा रात्रिबासको परम्परा छ । एक सय ३३ किलोमिटर वृत्तमा परिक्रमा गरिने यो धार्मिक यात्रामा मित्रराष्ट्र भारतको मधुवनी जिल्लामा चार रात्रिबास गरिन्छ । दोस्रो दिन कल्याणेश्वर (कलना), तेस्रो दिन फूलहर (गिरिजास्थान), १३औं दिन करुणा र १४औं दिन विसौल रात्रिबासको परम्परा छ । यस यात्रामा २६ किमी भारतमा र बाँकी नेपालका महोत्तरी र धनुषा जिल्लामा पर्दछन् । पहिलो मधेश प्रदेशसभाले नै प्रदेशको राजधानी जनकपुरधाम तोक्दा नेपालतर्फका परिक्रमा घेराभित्रका भूभाग समेटेर परिभाषित गरेको साहित्यकार डा राजेन्द्रप्रसाद विमल बताउँछन् ।

पूर्वमा कल्याणेश्वर, पश्चिममा जलेश्वरनाथ, उत्तरमा क्षीरेश्वरनाथ र दक्षिणमा सतोखरनाथ यस क्रममा प्रदक्षिणा गरिने शिवालय हुन् । महाशिवरात्रिको तयारीमा रहेका मैथिलहरु लगत्तै सुरु हुने मिथिला माध्यमिकी परिक्रमाका यात्रीको स्वागतका लागि पूर्व तयारी गर्दैछन् ।

मिथिला माध्यमिकी परिक्रमाका यात्रीलाई रात्रिबासमा स्थानीयले बासस्थान, भोजन, पानी, प्राथमिक स्वास्थ्योपचारको प्रबन्ध गर्ने चलन छ । महाशिवरात्रि र माध्यमिकी परिक्रमा आपसी द्वेष हटाउन, मानवीय सेवामा लाग्न उत्प्रेरित गर्ने पर्व मानिन्छन् । परिक्रमा समापनसँगै उल्लासको पर्व फगुवा मनाइन्छ ।

# प्रदेशसभा विघटन गर्ने मुख्यमन्त्री कार्कीको चेतावनी

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशमा सरकार परिवर्तनको खेल सुरु भए संसद नै नटिक्ने मुख्यमन्त्री केदार कार्कीले दाबी गरेका छन् । सञ्चार माध्यामलाई दिएको प्रतिक्रियामा मुख्यमन्त्री कार्कीले संविधानको धारा १६८ को उपधारा ५ अनुसार बनेको सरकार भएकाले यसले अंकगणित नहेर्ने बताए ।

'सरकारमा बस्नेहरु बसिरहनु हुन्छ । बस्नु भएन भने कांग्रेसको मात्रै सरकार बन्छ । यो संविधानको धारा १६८ को उपधारा ५ अनुसार बनेको सरकार हो । यसले अंकगणित हेर्दैन,' उनले भने, 'अविश्वासको प्रस्ताव ल्याउने प्रावधान संविधानमा छ । त्यसबेलासम्म सरकार टिक्छ, जुनबेला अविश्वासको प्रस्ताव ल्याउने समय हुन्छ, त्यसबेला सरकारभन्दा पनि संसद टिक्ने कि नटिक्ने भन्ने कुरा आउँछ ।'



मुख्यमन्त्री कार्कीले सरकारले विश्वासको मत लिएपछि २ वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने संविधानको प्रावधानलाई देखाउँदै त्यसपछि पनि आफ्नो सरकार हटाउन खोजे संसद नै विघटन गर्ने संकेत गरेका छन् ।

संघीय सरकारको समीकरण फेरबदल भए पनि कोशी प्रदेशको प्रकृति फरक रहेको उनको जिकिर छ । 'संघ र प्रदेश फरक ढङ्गले चल्छ । अरु प्रदेश र यो प्रदेशको प्रकृति पनि फरक छ । हरेक समीकरणले हरेक सरकारलाई असर गर्छ भन्ने पनि हुँदैन,' उनले भने, 'अहिलेको परिस्थिति संघको जुन छ, त्यसले कोशी प्रदेशमा सरकारलाई छुँदैन ।' दलहरुको अंकको हिसाबकिताबले कोशीलाई नछुने उनले प्रस्ट पारे ।

> संघीय सरकारको समीकरण फेरबदल भए पनि कोशी प्रदेशको प्रकृति फरक रहेको उनको जिकिर छ । 'संघ र प्रदेश फरक ढङ्गले चल्छ । अरु प्रदेश र यो प्रदेशको प्रकृति पनि फरक छ । हरेक समीकरणले हरेक सरकारलाई असर गर्छ भन्ने पनि हुँदैन,' उनले भने, 'अहिलेको परिस्थिति संघको जुन छ, त्यसले कोशी प्रदेशमा सरकारलाई छुँदैन ।' दलहरुको अंकको हिसाबकिताबले कोशीलाई नछुने उनले प्रस्ट पारे ।

उता, विपक्षी दल नेकपा एमालेले कार्कीलाई हटाउने आफूहरुको तयारी रहेको बताएको छ । 'केन्द्रमा सहमति हुने बित्तिकै हामी आफ्नो कदम चाल्छौं,' एमाले संसदीय दल कोशी प्रदेशका प्रमुख सचेतक रेवतीरमण भण्डारीले भने ।

कानुनका ज्ञातासमेत रहेका भण्डारीले सर्वोच्च अदालतको २०७८ सालको संवैधानिक इजलासले दिएको फैसलाको नजिरले पनि सरकार बनाउने सम्भावना रहेसम्म जनप्रतिनिधि संस्था विघटन गर्न नपाइने बताए ।

'प्रदेशसभा विघटन गर्नका लागि संवैधानिक घटनाक्रम हुनुपर्छ । संविधानको धारा १६८ को उपधारा ७ बमोजिम प्रदेशसभा विघटन हुनका लागि उपधारा ५ अनुसार बनेको सरकारले विश्वासको मत लिन नसक्ने परिस्थिति निर्माण हुनुपर् यो या उपधारा ५ अनुसारको सरकार बन्ने आधार हुनु भएन,' भण्डारीले भने, 'फेरि पनि प्रदेश प्रमुखले उपधारा (५) अनुसारकै वैकल्पिक सरकारको आह्वान गर्न सक्छ । त्यस्तो अवस्थामा सरकार नबन्ने र बनेको सरकारले विश्वासको मत पनि लिन सकेन भनेमात्रै प्रदेशसभा विघटन हुन्छ ।'

कोशी प्रदेशका पूर्व मुख्य न्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता चुँडामणि आचार्यले संविधानको अभ्यास विविध ढंगले भएको बताए । 'हामी संविधानका प्रावधानलाई अधिकतम अभ्यास गर्ने क्रममै छौं । कोशी प्रदेशमा अनपेक्षित ढंगले सर्वोच्च पुगेका छन् र व्याख्या पनि भएको छ । अहिले पनि फेरि सर्वोच्च जानसक्छ,' आचार्यले भने, 'तर, नजिरको हिसाबले हेर्ने हो भने जनप्रतिनिधि संस्थाले ५ वर्ष काम गर्न पाउनु पर्छ भनेको छ । अहिलेको कोशी प्रदेश सरकारले उपधारा ५ अनुसार विश्वासको मत लिइसकेपछिको अवस्था भने फेरि पनि ४७ पुर्‍याएर जाँदा अर्को सरकार बन्न सक्ने अवस्था पनि देखिन्छ ।'

२०७८ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेको निर्णयलाई बदर गर्दै सर्वोच्च अदालतले दिएको फैसलामा भने वैकल्पिक सरकार गठन हुनसक्ने अवस्था कायम रहेसम्म उपधारा (७) प्रयोगमा आउने अवस्था नहुने स्पष्ट पारेको छ । 'संविधानको धारा ७६ को उपधारा ५ (प्रदेशको हकमा संविधानको धारा १६८ (५), बमोजिम वैकल्पिक सरकार गठन हुन सक्ने अवस्था कायम रहेसम्म अर्थात् त्यसरी सरकार गठन गर्ने निर्धारित प्रक्रिया सम्पन्न नभएसम्म उपधारा ७ (प्रदेशको हकमा संविधानको धारा १६८ (७), प्रयोगमा आउने अवस्था नै रहँदैन,' सर्वोच्च अदालतको फैसलाको पूर्णपाठको बुँदा नम्बर ७९ मा उल्लेख छ ।

अझ सर्वोच्चले त उपधारा (७)को प्रयोग प्रतिनिधिसभा असफल भएको कुराको परिणामको रुपमा मात्र लिन सकिने भनेको छ । 'कुनै राजनीतिक वा अन्य कुनै कारणबाट विघटन हुने नभएर प्रधानमन्त्री नियुक्तिका लागि अन्तिम विकल्प अपनाउँदा पनि नियुक्त हुन नसकेको वा विश्वास प्राप्त गर्न नसकेको अवस्थामा मात्र विघटन हुनसक्ने भएकोले धारा ७६ (७) को कुरामा राष्ट्रपति वा प्रधानमन्त्री कसैको तजबिज प्रयोग हुने अवस्था नै रहँदैन । परिस्थितिको बाध्यात्मक उपज वा परिणामस्वरुप विघटन हुने हो । संविधानको धारा ७६ (५) बमोजिम वैकल्पिक सरकार गठन हुन नसक्ने भएपछि प्रतिनिधिसभा विघटन हुने भएकाले अल्पमतका वा प्रतिनिधिसभामा विश्वास प्राप्त गर्न नसकेका प्रधानमन्त्रीले सिफारिस गरेको भन्ने प्रश्नको कुनै औचित्य वा प्रयोजन नै रहँदैन,' अदालतले दिएको फैसलाको पूर्ण पाठको ८० औं नम्बरमा उल्लेख छ ।

सर्वोच्चले संविधानको धारा ७५ को उपधारा ५ मा रहेको प्रावधान हेर्दा यदाकदा दलीय आधारमा सरकार गठन हुन नसक्ने परिस्थिति पैदा भएमा पनि अन्तिम विकल्पको रुपमा सरकार गठन हुने उपाय कायम राख्ने अभिप्रायले राखेको देखिएको व्याख्या गरेको छ । अदालतले उक्त धारा प्रयोग गर्दा 'कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नसक्ने आधार प्रस्तुत गरेमा त्यस्तो सदस्यलाई अनिवार्य रुपमा प्रधानमन्त्री पदमा नियुक्त गर्नु नै पर्ने' स्पष्ट निर्देशन पनि गरेको छ ।

कोशी प्रदेशका हालका मुख्यमन्त्री केदार कार्की संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्रीमा नियुक्त भएका छन् । उनी नेतृत्वको सरकार परिवर्तन गरेर नयाँ सरकार गठन गर्ने कसरतमा एमालेलगायतका दलहरु लागिरहेका छन् ।

# गाडिएको अवस्थामा बालकको शव, बुवाआमा पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । छोराको हत्या गरेको आशङ्कामा पर्सा प्रहरीले आमाबुवालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले सिर्सिया नदी छेउस्थित स्मसानघाटमा गाडिएको अवस्थामा १२ वर्षीय बालकको शव निकालेर बुवाआमालाई पक्राउ गरेको छ ।

गोप्य सूचनाका आधारमा वीरगञ्ज महानगरपालिका-१२ मुर्ली निवासी शम्भु महतो धानुकका छोरा दिलीप मण्डलको शव निकालिएको र घटनाको अनुसन्धानका लागि बाबु शम्भु र उनकी पत्नी सबतादेवीलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले जानकारी दिए । शव परीक्षणका लागि नारायणी अस्पतालमा पठाइएको छ ।

बालकको मृत्युबारे कसैलाई जानकारी नगराई अन्त्येष्टिस्थलमा छोरा गाडेको सूचना पाएपछि खटिएको प्रहरीले खाल्डोबाट शव निकालेको प्रहरी नायब उपरीक्षक थापाले बताए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कथा वाचन स्थलमा पुष्पवृष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित जानकी मन्दिर परिसरमा चलिरहेको दिब्य जानकी चरित्रमा आधारित कथा वाचनस्थलमा पुष्पवृष्टि गरिएको छ । सीताको जीवनीमाथि आधारित रहेर चलिरहेको कथा वाचनको क्रममा व्यवसायी मनोज रुंगटाले हेलिकप्टरबाट पुष्पवृष्टि गराएका थिए । कथावाचक मुरलीधरले रामायणमा आधारित सीताको कथा, धनुष यज्ञको कथा, वैवाहिक जीवनदेखि सन्तानसम्मका सीताको भूमिका र चरित्रमाथि प्रकाश पारेको थियो ।



महाशिवरात्रिको अवसरमा जनकपुरधामको जानकी मन्दिर, राम मन्दिर, शिव मन्दिर लगायतका मन्दिरमा सीताको विवाहको क्रममा भएको विभिन्न पारम्परिक सांस्कृतिक विधि र सीताको विवाहसहितको कथालाई समेटिएर कथावाचक मुरलीधरले दस दिवसीयरुपमा कथा वाचन गर्दैछन् । सो क्रममा व्यवसायी रुंगटाले जानकीको चरित्रमाथि आधारित रहेर गरिएको कथावाचनस्थलमा हेलिकप्टरबाट पुष्पवृष्टि गरेका थिए ।

# बर्दिबासमा जनजाति महोत्सव सुरु



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा बसोबास गर्ने जनजातिहरूको संस्कृति संरक्षण संवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको आदिवासी जनजाति महोत्सवको चौथो संस्करण बर्दिबासमा सुरु भएको छ । महोत्सवको पहिलो दिनमै अवलोकनकर्ताको उत्साहजनक सहभागिताले सुस्त बनेको यहाँको व्यापार व्यवसायलाई चलायमान बनाउनुका साथै स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा जगाएको छ । नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् महोत्तरीले आयोजना गरेको महोत्सवको बर्दिबास नगरप्रमुख प्रह्लाद क्षेत्री तथा महासङ्घ केन्द्रीय समितिका वरिष्ठ उपाध्यक्ष बुद्ध घर्तीले एक समारोहबिच पानसमा बत्तीबाली संयुक्त उद्घाटन गरेका थिए ।

उद्घाटनअघि महोत्तरीमा बसोबास गर्ने मगर, भुजेल, तामाङ, नेवार, थारु, दनुवार, राई, मण्डल, माझी लगायत ९ प्रकारका जनजातिले आ-आफ्नो जातीय पहिचान झल्काउने भेषभुषासहित भव्य ¨र्याली निकालेका थिए । जनजातीका ग्रामीण कलाकारको जातीय विविधतासहितको धार्मिक सांस्कृतिक झाँकी, लोक संस्कृतमा आधारित गीत, नृत्य र रहनसहनका प्रस्तुतिले महोत्सवको सुनमा सुगन्ध थपेको थियो ।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै नगरप्रमुख क्षेत्रीले जनजाति महोत्सवले बर्दिबासको पहुँच र पहिचानलाई देशव्यापी बनाउन योगदान पुग्ने धारणा राखे । महोत्सवले यहाँको संस्कृति, भेषभुषा, व्यापार व्यवसाय, कृषि उत्पादनको प्रवर्द्धन र बजारीकरणमा ठोस योगदान पुग्ने अपेक्षा जगाएको उनले बताए । त्यस्तै वरिष्ठ उपाध्यक्ष घर्तीले यस्ता महोत्सवको आयोजनाले जनजातिको परम्परा र संस्कृतिलाई पहिचान र पुस्तान्तरण गर्न योगदान पुग्ने धारणा राखे ।

महोत्सव स्थलमा व्यापारिक प्रयोजनका १५० स्टल राखिएको छ । तीमध्ये ९ स्टल आदिवासी जनजातीका विविध प्रदर्शनका लागि छुट्याइएको छ । बाँकी रहेको १ सय ४१ स्टलमध्ये पनि कृषि उत्पादन, रैथाने सामग्रीका लागि निःशुल्क र स्थानीय व्यापारीका लागि २५ प्रतिशत छुटको सुविधा छ । "महोत्सवमा स्थानीय व्यापार र उत्पादनलाई प्रोत्साहन र बजारीकरण गर्न स्टल राखिएको छ," आयोजक महासङ्घका अध्यक्ष धमनारायण श्रेष्ठले भने, "बचेका स्टल बाहिरका व्यापारीलाई दिइएको छ ।"

महोत्सवमा स्थानीय परम्परागत संस्कृति झल्कने होटल, स्थानीय कृषि एवम् घरेलु उत्पादन, राष्ट्रिय कम्पनीका सामग्री राखिएको छ । महोत्सवमा पहाडी तथा तराईका जिल्लाबाट समेत व्यापारीहरू आएको आयोजकले जनाएको छ । स्थानीय मौलिक उत्पादनसाथ सुदूर क्षेत्रबाट आएका व्यापारिक कारण महोत्सवमा विविधता थपिनुका साथै बजार विस्तार एवम् अवसर सिर्जनामा योगदान पुग्ने श्रेष्ठले बताए । चैत ५ गतेसम्म आयोजना हुने महोत्सवलाई भव्य, उदाहरणीय र स्मरणीय बनाउन विविधता झल्कने एकपछि अर्को मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रमकोसमेत व्यवस्था गरिएको छ । यस्तै, रोटे पिङ, झुला पिङ, रेल गाडी जस्ता बाल मानोरन्जनका लागि विविध इभेन्टस राखिएको छ ।

# वन पैदावारको चोरी निकासीमा व्यापकता

**टुडे समाचारदाता**

गौर । रौतहटको रंगपुर साझेदारी वन क्षेत्रमा लगाइएको तारबार चोरी भएपछि वन पैदावारको चोरी निकासीमा व्यापकता आएको छ । डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरको उदासीनताको कारण चोरी निकासी नियन्त्रण गर्न लगाइएको तारबार चोरिएपछि वन विनाशमा व्यापकता आएको छ ।

हातेमालो साझेदारी वन क्षेत्रसँग जोडिएको रङ्गपुर साझेदारी वन चन्द्रपुर र गुजरा नगरपालिकासम्म फैलिएको छ । वन पैदावार चोरी निकासी नियन्त्रण गर्ने उद्देश्यले दुई वर्षअघि सो वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष जितेन्द्र चौधरीको पहलमा करिब डेढ करोड रुपैयाँको लागतमा साझेदारी वनक्षेत्रमा तारबार गरिएको थियो ।



डिभिजन वन कार्यालयकै आर्थिक सहयोगमा निर्माण गरिएको तारबारको अहिले नामोनिसान छैन । साझेदारी वन समितिका तत्कालीन अध्यक्ष चौधरी भन्छन्, "तारबार नहुँदा दाउरा बेचेर जीविका चलाउने मानिस जताततैबाट वन प्रवेश गरी हुकँदै गरेका सालका लाथ्रा जथाभाबी काट्ने गरेका छन् । साइकल, रिक्सा तथा अटोरिक्सा नै वन प्रवेश गराइ दिनहुँ काँचा सालका लाथ्रा चोरी निकासी भइरहँदा पनि वन कर्मचारीले वास्ता गर्दैनन् ।"

साझेदारी वन क्षेत्र नजिकै चन्द्रपुर सबडिभिजन वन कार्यालय रहेको छ । कार्यालयमा कर्मचारीको उपस्थिति पातलो रहन्छ । उपस्थित कर्मचारीले समेत वन गस्तीमा बेवास्ता गर्दा तारबार चोरिएको चन्द्रपुर नगरपालिका -६ को वन उपभोक्ताको आरोप छ । तारबार नहुँदा साझेदारी वन रंगपुर क्षेत्रबाट सालका गोलिया समेत तस्करी हुनेगरेको स्थानीय वन उपभोक्ताको आरोप छ । हातहतियारसहित आउने तस्करले आवश्यक परे गोलीसमेत चलाउने गरेको कारण वनगस्ती प्रभावित बनेको नाम सार्वजनिक नगर्न आग्रह गर्दै वन कर्मचारीले बताए ।

तीन हजार ४६२ हेक्टर जमिनमा फैलिएको रंगपुर साझेदारी वनको काठ दाउरा चोरी निकासीको कारण वनक्षेत्र उजाड बनेको छ । वन्यजन्तु समेत प्रभावित बनेका छन् । आहारको खोजीमा हरिण, बँदेल, नीलगाई लगायतका जनावर वनक्षेत्र नजिकको खेतबारीको बाली खान आउनेगरेको गुजरा नगरपालिका मैराका अगुवा किसान जयराम चौधरीले बताए ।

डिभिजन वन प्रमुख शैलेन्द्र मिश्रले कर्मचारी अभावको कारण गस्ती प्रभावित बनेपछि तारबार चोरिएको बताए । उनका अनुसार तारबार चोरिएपछि वन प्रवेश सहजहुँदा वन पैदावारको चोरी निकासी बढेको छ । रङ्गपुर साझेदारी वनको उपभोक्ता समिति समयमा बन्न नसक्नु पनि चोरी निकासी बढ्नुको प्रमुख कारण हो । दरबन्दीअनुरूप कर्मचारी व्यवस्थापन हुन नसक्दा वनगस्ती प्रभावकारी बन्न नसकेको उनी बताउँछन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८